का.जि.प्र.का.द.नं. १००/०५९/६०
१३ चैत २०७८,
आइतबार
27 March 2022,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न
वर्ष २०, अंक ५० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

स्थानीय सरकार

## समय सकियो बदलिएन संस्कार

दलहरु आसन्न स्थानीय तहको चुनावमा केन्द्रीत भएका छन् । तर, नेताहरुको ध्यान एजेण्डा भन्दा गालीगलौज गर्ने, विकास र समृद्धिको अमूर्त भाषणमा केन्द्रीत छ । जसमाथि नागरिक स्तरबाट प्रश्न उठेको छ ।






'दलहरुले आ-आफ्नो चुनावी एजेण्डा पस्कनुपर्ने हो । तर, एकले अर्कालाई गालीगलोज गर्ने र आरोप-प्रत्यारोप गर्ने खेल जारी छ ।'

**कृष्णहरि बास्कोटा**
पूर्व सचिव



'जनप्रतिनिधि र कर्मचारीको मानसिकता परिवर्तन गर्नेतर्फ ख्याल नगरिए अर्को पाँच बर्षपछि पनि अहिलेकै जस्तो संस्कार, चुनावी एजेण्डाहरु प्रस्तुत हुनेछन् ।'

**कृष्ण पोखरेल**
राजनीतिक विश्लेषक

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १२ चैत ।

आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनको लागि राजनीतिक दलहरु तयारीमा जुटेका छन् । चुनाव केन्द्रित अभियान सुरु भइसके । तर, पाँच बर्षअघिको स्थनीय चुनाव र आसन्न स्थानीय चुनावको तयारीमा दलहरुले फरकपन देखाउन सकेका छैनन् ।

राष्ट्रिय सूचना आयोगका पूर्व प्रमुख सूचना आयुक्त एवं नेपाल सरकारका पूर्व सचिव कृष्णहरि बास्कोटा कुन दललाई मतदान गरेर के प्राप्त हुन्छ ? भन्ने मतदाताले समयमै थाहा पाउनुपर्ने बताउँछन् । तर, दलहरु यी यी एजेण्डा अघिल्लो चुनावमा उठाएको र यी यी पूरा गरेको फेरिस्त सुनाएर थप एजेण्डा लिएर चुनाव केन्द्रीत हुन नसकेको बताउँछन् ।

'चुनावी अभियानमा केन्द्रित भएसँगै दलहरुले आ-आफ्नो चुनावी एजेण्डा पस्कनुपर्ने हो । तर, एकले अर्कालाई गालीगलोज गर्ने र आरोप-प्रत्यारोप गर्ने खेल जारी छ' बस्कोटाले भने । पाँच बर्ष अघि पनि यस्तै दृष्य देखेको उनी स्मरण गर्छन । 'विगतको निर्वाचनमा नेताहरुले एक-अर्कालाई हिलो छ्याप्दै भोट मागेथे । पाँच वर्षपछि अहिले पनि उही छ, संस्कारमा सुधार आएको देखिएन' बास्कोटाले भने ।

पाँच वर्षको अवधिमा स्थानीय तहमा भएको कामको समीक्षा, आगामी कार्यकार्यलाई प्रभावकारी बनाउने योजना राजनीतिक दलहरुले स्पष्ट रुपमा अघि सार्न नसक्नुको पछाडि दुई वटा कारण हुन सक्ने उनको बुझाई छ । एउटा-कामै भएको छैन । अर्को भएको कामबारे पार्टी जानकार छैन । यी दुई कारणले मात्रै एजेण्डा बिहीन भएर नेताहरु गाली गलौजमा उत्रिएको बास्कोटाको बुझाई छ ।

राजनीतिक दलहरुले एजेण्डाको कुरै नगरेका भने होइनन् । आफुले जितेको स्थानीय तहमा राम्रो गरेको दाबी गरेका छन् र अझ राम्रो गर्नका लागि भन्दै भोट मागिरहेका छन् । तर, पाँच बर्ष अघिको र अहिलेको अभिव्यक्तिमा भने उस्तै शब्दहरु परेका छन् जो अर्मुत छन् ।

देशलाई समृद्ध बनाउने परम्परागत भाषण यो पटक पनि खुबै उठिरहेको छ । तर, समृद्धिको आधार के हो, के-के काम गर्दा मुकुलाई समृद्ध बनाउन सकिन्छ भन्ने आधार दिन सकेका छैनन् । समृद्धिको लागि स्रोत-साधनको पहिचान के हो, समृद्धिको आधारभूत काम कसरी गर्ने भन्ने विषयमा समेत अलमलमै रहेर नेताहरु समृद्धिको विषय – बाँकी पृष्ठ २ मा

नेपाल–चीन ९ बुँदे सहमति

## बढाइयो अनुदान

चिनियाँ विदेश मन्त्री वाङ यीको तीन दिने नेपाल भ्रमणकै क्रममा चीनले नेपाललाई वार्षिक रुपमा दिँदै आएको अनुदान बढाएको छ । वार्षिक १३ अर्ब दिँदै आएको अनुदान १५ अर्ब पुर्‍याएको हो ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १२ चैत ।

चिनियाँ विदेशमन्त्री वाङ यी र परराष्ट्रमन्त्री नारायण खड्काको नेतृत्वमा भएको भेटघाटका क्रममा दुई देशबीच ९ बुँदे सहमतिमा हस्ताक्षर भएको छ । अर्थ सचिव मधु मरासिनी र चिनियाँ राजदूत होउ याङ्छीले हस्ताक्षर गरेको ९ बुँदे सहमतिमा नेपाल र चीनबीच आर्थिक र प्राविधिक सहयोगका बिषय छन् ।


सहमतिसँग नेपालले चीनबाट पाउने वार्षिक अनुदानको रकम बढेको छ । चीनले नेपाललाई वार्षिक दिँदै आएको अनुदान राशी १३ अर्बबाट बढाएर १५ अर्ब रुपैयाँ पुऱ्याएको छ । चीन र नेपालबीच चिनियाँ सहयोगमा रेलमार्गको सम्भाव्यता अध्ययनका लागि प्राविधिक सहायता योजना, चीन र नेपालबीच ऊर्जा आदानप्रदान गर्न ४०० केबीको प्रसारण लाइन बनाउनेबारे सम्भाव्यता अध्ययन गर्ने सहमति पनि भएको छ ।

यो सहमतिमा ऊर्जा सचिव देवेन्द्र कार्की र चिनियाँ राजदूत याङ्छीले हस्ताक्षर गरेका छन् । नेपाल र चीनबीच घाँस निर्यातको सुरक्षा र स्वास्थ्य मापदण्डबारे पनि सहमति भएको छ । नेपालमा उत्पादन भएका वस्तुहरुमा भन्सार छुटको सहमति पनि भएको छ ।

अरनिको राजमार्गको दीर्घकालीन मर्मत परियोजनाको तेस्रो चरणबारे र भौतिक पूर्वाधार मन्त्रालय र चिनियाँ राष्ट्रिय रेल – बाँकी पृष्ठ २ मा



### पोखरा विमानस्थलको चाबी हस्तान्तरण



चीन सरकारले निर्माण गरेको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल औपचारिक रुपमा नेपाल सरकारलाई हस्तान्तरण गरिएको छ। नेपाल भ्रमणमा रहेका चिनियाँ विदेशमन्त्री वाङ यीले शनिवार परराष्ट्रमन्त्री डा. नारायण खड्कालाई पोखरा विमानस्थलको चाबी हस्तान्तरण गरे । चाबी हस्तान्तरण समारोहमा प्रधानमन्त्री शेरबहादुर देउवा पनि सहभागी थिए ।

तर, पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य भने पूरा भइसकेको छैन् । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका आयोजना प्रमुख विनेश मुनकर्मीका अनुसार अहिलेसम्म विमानस्थलको ९३ प्रतिशत काम सकिएको छ । केही प्रतिशत काम बाँकी रहेको भए पनि चिनियाँ विदेशमन्त्रीको भ्रमणको अवसरमा चाबी हस्तान्तरण गरिएको हो ।

## आफ्नै नेताहरूको खण्डन

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १२ चैत ।

सत्तारुढ दलका नेताहरुले गठबन्धनबारे संयशयुक्त अभिव्यक्ति दिएपछि शीर्ष नेताहरु भने खण्डनमा अभिव्यक्ति दिनुपर्ने अवस्थामा पुगेका छन् । स्थानीय चुनाव आउन ४७ दिन मात्रै बाँकी रहँदा गठबन्धनको साझा उम्मेद्वार हुने वा नहुने प्रष्ट निर्णय हुन सकेको छैन । तर नेपाली कांग्रेसका संस्थापन इतर नेताहरु डा.शेखर कोइराला, धनराज गुरुङ, गगन थापा लगायतले सत्ता साझेदार नेकपा माओवादी केन्द्र र एकीकृत समाजवादीलाई चिढाउने अभिव्यक्ति दिने गरेका छन् ।

ती नेताहरुको जवाफमा माओवादी केन्द्र र एकीकृत समाजवादीका केही नेताहरुले अभिव्यक्ति दिए । अभिव्यक्तिकै कारण स्थानीय चुनावमा गठबन्धन नजोगिने संशय उत्पन्न भएपछि प्रधानमन्त्री शेरबहादुर देउवा आफै अगाडि बढेका छन् । बिहीबार मात्रै प्रधानमन्त्री एवम् सभापति देउवाले कांग्रेसलाई थप बलियो बनाउन गठबन्धनको आवश्यकता रहेको बताए ।

'स्थानीय चुनावमा मात्र नभई प्रदेश र प्रतिनिधिसभा चुनावसम्म नै गठबन्धन लैजानुपर्छ । उहाँहरूलाई पनि उचित स्थान दिनुपर्छ,' तनहुँ कांग्रेसले दमौलीमा कार्यक्रममा प्रधानमन्त्री देउवाले भने, 'लोकतन्त्र बचाउन – बाँकी पृष्ठ २ मा

व्यवसायी र कामदार भन्छन्–

## 'कुनै बहानामा मलेसिया रोजगारी अवरुद्ध नहोस्'

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ चैत

प्राविधिक कारण भन्दै मलेसियास्थित नेपाली दूतावासले नेपाली कामदारको मागपत्र प्रमाणीकरण रोकेको छ । विभिन्न कारण सन् २०२० देखि बन्द रहेको मलेसिया रोजगारको मागपत्र मलेसियास्थित नेपाली दूतावासले गत माघ २८ गतेदेखि प्रमाणीकरण गर्न शुरु गरेको थियो ।

करिब तीन वर्ष रोकिएको मागपत्र प्रमाणीकरणको कार्य शुरूवात भएको डेढ महिना नपुग्दै पुनः रोकिँदा मलेसिया कामदार पठाउने गृहकार्यमा रहेका वैदेशिक रोजगार व्यवसायीहरू चिन्तित बनेका छन् । विभिन्न बहानामा मलेसियाको मागपत्र प्रमाणीकरणको कार्यमा विलम्ब हुने कतिपयलाई चिन्ता लागेको छ ।

बल्लतल्ल खुल्न लागेको मलेसिया रोजगारी कुनै पनि बहानामा रोक्न नहुने व्यवसायी र कामदारहरुको माग छ । अहिले नेपाल भित्रिने रेमिट्यान्स घटेको तथ्यांक नेपाल राष्ट्र बैंकले सार्वजनिक गर्दै आएको छ । सबैभन्दा बढी रेमिट्यान्स भित्रिने मलेसियाको रोजगारी तत्कालीन श्रम मन्त्री गेकर्ण बिष्टको अहम र डेढ अक्कली शैलीले बन्द भएको कारणको नकारात्मक प्रतिफल अहिले मुलुकले भोगिरहेको छ । अब पनि मलेसियास्थित नेपाली दूतावासले कुनै बहाना झिकेर मलेसिया रोजगारी बन्द या अवरुद्ध गऱ्यो भने सर्मन्धित दूतावासका अधिकारीलाईसमेत कारबाहीको भागीदार बनाउनु पर्ने आवाज उठ्न थालेको छ ।

तर मलेसियास्थित नेपाली दूतावसमा कार्यरत काउन्सिलर श्रम दीपक ढकालले अप्रिल पहिलो – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## 'प्रधानमन्त्री रोजगारको २० अर्ब दुरुपयोग'

**काठमाडौं/मस–** नेपाली कांग्रेसका प्रवक्ता डा प्रकाशशरण महतले प्रधानमन्त्री रोजगार कार्यक्रमको बजेट दुरुपयोग भएको बताएका छन् । शनिबार शिवपुरी गाउँपालिकाद्वारा निर्मित भवन उद्घाटन कार्यक्रममा उनले यसअघिको केपी शर्मा ओली नेतृत्व सरकारले ल्याएको प्रधानमन्त्री रोजगार कार्यक्रमको रु १९/ २० अर्ब रकमको व्यापक दुरुपयोग भएको र यसबाट कुनै रोजगारी सिर्जना नभएको बताए ।

ओली सरकारले आफ्ना कार्यकर्तालाई रकम बाँड्नलाई मात्र यो कार्यक्रम ल्याएको र मनपर्दो ढंगबाट सो आयोजनाको रकम बाँडेर सकिएको उनको आरोप थियो । प्रवक्ता महतले सो आयोजनाको रकम बाँड्ने क्रममा 'तिमी कुन पार्टीको मान्छे हो ?' भनेर सोधेरै आफ्नो पार्टीका मान्छेलाई मात्र सो रकम दिने गरिएको बताए । – बाँकी पृष्ठ २ मा


## कुवेतमा वैदेशिक रोजगार अवसर

कम्पनी : AL-AYSH INTERNATIONAL GROUP FOR GENERAL TRADING & CONTRACTING CO. W.L.L. शहर : KUWAIT

पूर्व स्वीकृत मिति: २०७८/१२/११ चलानी नं.: ६०१७६५७८ LT. No.: 260372

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 0 | 50 | सम्बन्धित काममा दक्ष | 150 | ६०,१२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner | 70 | 0 | | 85 | ३४,०६८ | | | | | | | |
| 3. | Security Guard | 50 | 0 | | 130 | ५२,१०५ | | | | | | | |

नोट: प्री इन्टरभ्यु धमाधम भइ रहेको छ। प्री इन्टरभ्युमा सहभागी हुनेलाइ मात्र फाइनल इन्टरभ्युमा सामेल गरिने छ।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत १९ गते (2 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

MANAKAMANA FOREIGN EMPLOYMENT CO. P. LTD.
Licence No. 753/064/065
Nagarjun-4, Sitapaila, Kathmandu. Tel: 01-4034677 , 9808577289, 9851125275, 9860836178, Email: manakamanamfec1@gmail.com



## नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार ब्यवसायी एशोसिएसनको निर्वाचन सहितको साधारण सभा सम्बन्धी सूचना

नेपाली कँाग्रेसको शुभेच्छुक संस्था यस नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार ब्यवसायी एशोसिएसनको **नयाँकार्यसमिति चयन सहितको ११ औं साधारण सभा मिति २०७९ साल बैशाख ०७ गते बुधवारका** दिन आयोजना हुन गईरहेको ब्यहोरा सम्पूर्ण सदस्यज्यूहरूलाई सहर्ष जानकारी गराउदैं यस एशोसिएसन संग आवद्ध सम्पूर्ण बैदेशिक रोजगार ब्यवसायी सदस्य संस्थाहरूले अनिवार्य आ–आफ्नो **सदस्यता नविकरण गरी आफ्नो संस्थाबाट साधारण सभामा सहभागीताको लागि प्रतिनिधि दर्ता गराई** साधारण सभालाई सफलता पूर्वक सम्पन्न गराउन यहाँहरूको सक्रिय सहभागिताको लागी हार्द्धिक निमन्त्रणा गर्दै, नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार ब्यवसायी एशोसिएसनको विधान २०६३ को परिच्छेद ४, दफा ११ को उपदफा, ४ अनुसार यो सूचना प्रकाशित गरिएको छ ।

**जय नेपाल !**

आवश्यक कागजातहरू :
१. कम्पनीको लेटरहेडमा निवेदन
२. सेयर लगत प्रमाणपत्रको प्रतिलिपि
३. नागरिकता वा राहदानीको प्रतिलिपि
४. पासपोर्ट साईजको २ प्रति फोटो
५. तोकीएको लेवी

भवानी निरौला
महासचिव
नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार ब्यवसायी एशोसिएसन
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१–४४६६४२८
कार्यालय सचिव ९८५१२३७५०१

# कम्युनिष्टमा 'केपी बा आइ लभ यु' हुँदैन, लाल सलाम हुन्छ : नेपाल

**अनिष पन्थी/ मध्यान्ह**
गुल्मी, १२ चैत

नेकपा एकीकृत समाजवादी नेपालका अध्यक्ष माधव कुमार नेपालले कम्युनिष्टमा 'केपी बा आइ लभ यु' नभइ 'लाल सलाम कमरेड' हुने बताएका छन् ।

नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादी गुल्मीले गरेको जिल्ला स्तरीय अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गदै अध्यक्ष नेपालले यस्तो बताएका हुन् । केपी ओलीको पार्टी सबै प्रदेशबाट धुलो पिठो हुँदै गएको उनको भनाइ छ ।

केपी ओलीको नेतृत्वमा बनेको सरकार केन्द्र र प्रदेशबाट हराइसकेको उल्लेख गर्दै उनले अबको निर्वाचनमा एमालेलाई धुलो चटाउने बताए ।

अध्यक्ष नेपालले एमाले अध्यक्ष केपी शर्मा ओलीको अंहकारी सोचका कारण सातै प्रदेशमा एमालेमाथि सूर्य ग्रहण लागेको पनि टिप्पणी गरे ।

गुल्मीमा एमालेलाई जित्न नदिने बताउँदै उनले बैशाख ३० गते हुने स्थानीय तह निर्वाचनमा एमालेलाई हराउन एकीकृत समाजवादीकी सचिव तथा शहरी विकासमन्त्री रामकुमारी झाँक्रीलाई केही दिन जिल्लामा बसेर काम गर्न अध्यक्ष नेपालले निर्देशन समेत दिएका थिए ।

सोही भेलालाई सम्बोधन गदै नेपाल सरकारकी सहरी विकास मन्त्री तथा एकीकृत समाजवादी पार्टी सचिव रामकुमारी झाक्रीले गुल्मीमा विकास भन्दा बढी गफ भएको बताएकी छन् । अब आफुहरुले जिल्लाको विकासमा गफ र प्रचार नगरी कामै गरेर देखाउने बताइन् । गुल्मी सदरमुकाम तम्घासमा हजारौं मान्छे अट्न सक्ने ठूलो सभा हल बनाउने प्रक्रियामा अगाडि बढेको उनले जानकारी दिइन् ।



मन्त्री झाक्रीले अबको निर्वाचनमा सत्ता गठबन्धन दल कांग्रेसका सभापति खिल्ध्वज पन्थी, माओवादी केन्द्रका संयोजक बुद्धि जिसीले आफ्नो पार्टी गुल्मीका अध्यक्ष नरेश भण्डारीको सुझावमा गुल्मीको विकासको खाका तयार पारिएको बताइन् । अलपत्र परेको सालझण्डी ढोर पाटन पाटन सडक र मदन भण्डारी राजमार्ग निर्माणका लागि आफु लागिपरेको समेत उनले बताएकी छिन् ।

## स्रोत नखुलेको ११ लाख रुपैयाँसहित १ जना पक्राउ

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, १२ चैत

स्रोत नखुलेको ११ लाख रुपैयाँसहित एक जना पक्राउ परेका छन् । जिल्लाको लहान नगरपालिका-१ मटिर्यवाबाट सिरहा भगवानपुर गाउँपालिका-४ जमुवाटोलका ४४ वर्षीय दिलिप कुमार साहलाई ११ लाख ३ हजार पचास नेपाली रुपैयासहित पक्राउ गरिएको प्रहरीले जनाएको छ ।



बिशेष सूचनाको आधारमा सशस्त्र प्रहरी बल नम्बर २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरी वर्दिवास र सशस्त्र प्रहरी बल नम्बर ७ को संयुक्त टोलीले उनलाई नियन्त्रणमा लिएको हो ।

साहको साथबाट १ हजार दरका ८०३ थान, ५ सय दरका ४०० थान, १ सय दरका ९९९ थान र ५० दरका ३ थन गरि ११ लाख तीन हजार ५० रुपैया बरामद गरिएको सशस्त्र प्रहरी बल नेपाल नम्बर ७ गण सिरहाका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक निलकमल आचार्यले मध्यान्हलाई जानकारी दिए । सूचना अधिकारी आचार्यका अनुसार शाहको साथबाट १ थान मोबाइल र नेपाली नागरिताको प्रमाण-पत्र पनि बरामद भएको छ । बरामद गरिएका नगद माडर भन्सार कार्यालयमा बुझाइएको प्रहरीले जनाएको छ ।

## सक्षम नागरिक समुहद्वारा निःशुल्क स्वास्थ्य शिविर

**मध्यान्ह संवाददाता**
भक्तपुर, १२ चैत

सक्षम नागरिक समुह भक्तपुरले महिलाहरुका लागि निःशुल्क स्वास्थ्य शिविर सम्पन्न गरेको छ ।

नेपाल परिवार नियोजन संघको सहकार्यमा समुहले शनिबार महिलाहरुका लागि निःशुल्क स्वास्थ्य शिविर सम्पन्न गरेको हो । भक्तपुर नगर पालिका ४ का महिलाहरुलाई लक्षित गर्दै आयोजित निःशुल्क शिविरमा ४५ जना भन्दा बढी महिलाहरुको स्वास्थ्य परीक्षण गरिएको समुहकी सचिव कौशिला बस्नेतले मध्यान्हलाई जानकारी दिइन् । शिविरमा महिलाहरुको पाठेघरको मुखको क्यान्सर, सेतो पानी बग्ने समस्या, पाठघरको मुखको समस्या सम्बन्धी सबै जाँच गरिएको थियो । शिविरमा समुहकी अध्यक्ष शोभा कार्की लगायतको उपस्थिति रहेको थियो ।





**समय ...**
उठाइरहेका छन् । राजनीतिक विश्लेषक कृष्ण पोखरेल स्थानीय तह अनुसार एजेण्डा दलहरुको फरक हुन सक्ने बताउँछन् । तर, दलहरुको स्थानीय तहलाई अझै बलियो बनाउने, नागरिकले पाउने सेवा सुविधा प्रभावकारी रुपमा प्रवाह गर्ने कार्यमा ध्यान पुग्न सकेको नसकेको उनको पनि बुझाई छ । उनी भन्छन्, 'विगतको कमजोरीलाई सच्याउने गरी एजेण्डा बनाउन वा प्रस्तुत गर्न राजनीतिक दलहरु सक्षम देखिएका छैनन् ।'

संरचनागत रुपमा व्यवस्था परिवर्तन भएपनि जनप्रतिनिधि र कर्मचारीहरुको मानसिकतामा जनअपेक्षा अनुसार परिवर्तन हुन नसकेको उल्लेख गर्दै उनी भन्छन्, 'विषयलाई दलहरुले ख्याल नगरे पाँच बर्ष पछि पनि अहिलेकै जस्तो संस्कार, उस्तै एजेण्डा प्रस्तुत नहोला भन्न सकिन्न ।' तर, राजनीतिक दलहरु पाँच बर्ष अघिकै संस्कार र एजेण्डा बोकेको स्वीकार गर्न तयार छैनन् ।

नेपाली कांग्रेसका महामन्त्री गगन थापा संघीयताको अभ्यासको पहिलो पाँच बर्षमा आधारभूत कामहरु भएको उल्लेख गर्दै अब विकासको तिव्रतर समय आएको बताउँछन् । यही बेला जनताले प्रतिनिधि चुन्दा ख्याल गर्नुपर्ने उनको भनाई छ ।

स्थानीय तहमा आधारभूत संरचनाको काम भयो । तर, कम्युनिस्टलाई बलियो बनाउँदा के भयो ?' महामन्त्री थापा थप्छन्, तत्कालीन नेकपा नेतृत्वको सरकारको ३ वर्षे कार्यकाल हेरेर पनि जनताले निर्णय गर्छन भन्ने विश्वास छ ।' कांग्रेसले गगन थापाकै नेतृत्वमा चुनावी घोषणापत्र तयारी समिति बनाएको छ । समितिले काम गरेको उल्लेख गर्दै उनी नेकपा नेतृत्वको सरकारको कामको विषयलाई मुख्य एजेण्डा बनाएर चुनावी अभियानमा होमिएको बताउँछन् ।

'नेकपा नेतृत्वको कालमा कहिले गुठी विधेयक आयो । कहिले जनतालाई बोल्न नदिने गरी कानुन बनाउने प्रयास भयो । भ्रष्टचार त्यत्तिकै भयो । पटक पटक संसदकै हत्या प्रयास भयो' थापा भन्छन्, 'कांग्रेसले संविधान र लोकतन्त्र बचाएर अहिलेको अवस्था सिर्जना भएको हो । यो कुरा जनतालाई नभनी हुन्न, यही बेला हो भन्ने ।'

नेकपा एमालेको आफ्नै शैली छ । दुई तिहाई बहुमतको सरकारले समृद्धिको सपना पुरा गर्ने गरी काम गरिरहेका बेला पुष्पकमल दाहाल र माधव नेपालले काम गर्न नदिएको भनेर भोट मागिरहेको छ ।

'मुलुकलाई समृद्ध बनाउने सपना पुरा भएन । त्यसको कारण जो थिए ति आज पार्टीमा छैनन् अब पहिलेकै झैं मत पाए मुलुक समृद्ध बनाउन सक्छौं । जनतालाई भन्ने यही हो' स्थानीय तहको चुनावी एजेण्डाबारे एमालेकी सचेतक शान्ता चौधरीले भनिन् ।

नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी (जसपा) पनि केपी शर्मा ओली नेतृत्वको अघिल्लो सरकारले गरेको काम जनतालाई सुनाएर भोट बटुल्ने योजनामा छ । 'हामी नभएको भए संविधान जान्थ्यो, गणतन्त्र जान्थ्यो' चुनावी अभियानमा माओवादी अध्यक्ष प्रचण्डले भन्दै हिडेका छन्, 'अबको चुनाव व्यवस्था बचाउनेहरुलाई जिताउने कि व्यवस्था फाल्न खोज्नेलाई भन्नेको नतिजा हो ।' लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) लगायतका साना दलहरु चुनावी एजेण्डा भन्दा ठूला दलसंग तालमेल गरेर चुनाव लड्नेमा केन्द्रीत छन् ।

**नेपाल...**
विभागबीच द्विदेशीय रेल सम्बन्धी सहयोगबारे भएको सातौं बैठकको माइन्युटमा पनि हस्ताक्षर भएको छ । शनिवार भएको ९ बुँदे सहमतिमा चीनले नेपाललाई दिएका ४० लाख कोरोना भ्याक्सिनको विषय पनि छ । बीपी कोइराला क्यान्सर प्रतिष्ठानमा चिनियाँ विशेषज्ञ मेडिकल टिम पठाउने लगायतका विषय पनि सहमतिमा परेका छन् ।

नेपालको तीनदिने औपचारिक भ्रमणमा रहेका वाङ यी ले शनिवार नै प्रधानमन्त्री शेरबहादुर देउवासँग पनि भेटवार्ता गरे । आइतबार राष्ट्रपति विद्यादेवी भण्डारी, नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई भेटेर उनी स्वदेश फर्किनेछन् ।

**आफ्नै ...**
गठबन्धनका दलले योगदान गरेका छन् ।' प्रधानमन्त्री देउवालाई रामचन्द्र पौडेल लगायत शीर्ष नेताले साथ दिएका छन् ।

बुधबार मात्रै चितवन कांग्रेसलाई चिढाउने अभिव्यक्ति दिएका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले आफू सच्याउने प्रयत्न गरेका छन् । 'हामी तीन वटै निर्वाचनमा एक भएर जाने तयारीमा छौं । कसरी उम्मेद्वार चयन गर्ने, त्यो विषयमा भने हाम्रो छलफल जारी छ,' प्रचण्डले भने । यसअघि प्रचण्डले गठबन्धन नभए एक्लै चुनाव लड्ने तयारीमा लाग्न निर्देशन दिएका थिए ।

एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालले पनि निर्वाचनमा चुनावी तालमेलको सम्भावना बढेको प्रतिक्रिया दिए । प्रधानमन्त्री पत्नी एवम् कांग्रेस नेता आरजु देउवाले गठबन्धन जोगिने अभिव्यत्तिः दिएपछि अध्यक्ष नेपाल उत्साहित देखिए । 'गठबन्धनमा रहेका दलबीच वीन-वीनको सिद्धान्तका आधारमा चुनावी तालमेल गर्ने गरी छलफल भइरहेको छ', अध्यक्ष नेपालले भने । गठबन्धनमा सहभागी सबै दलको उचित मर्यादा, सम्मान र स्थान दिएर तालमेल गर्ने विषयमा इमान्दार रहेको अध्यक्ष नेपाल बताउँछन् ।

चुनावी तालमेलबारे सत्तारुढ गठबन्धन सकारात्मक देखिएको हुँदा चुनावी परिणाम कांग्रेसको पक्षमा आउने सम्भावना बढेको राजनीतिक विश्लेषक डा. विष्णु दाहाल बताउँका छन् । 'पछिल्लो समय शीर्ष नेताहरुको अभिव्यक्तिले ५ दलीय गठबन्धन हुने सम्भावना बढेको छ, गठबन्धन तीनवटै तहमा हुँदा नेपाली कांग्रेसको पक्षमा राम्रो मत आउने र एमालेको लज्जास्पद हार हुनसक्ने सम्भावना बढेको छ,' विश्लेषक दाहाल भन्छन् ।

**व्यवसायी...**
तारिखदेखि नै मागपत्र प्रमाणीकरण शुरूवात गर्ने भनी सार्वजनिकरूपमा नै प्रष्ट पारेको कारणले सोही मितिदेखि नै मागपत्र प्रमाणीकरण हुने मध्यान्हलाई जानकारी दिए । दूतावासका द्वितीय सचिव प्रेमबहादुर बुढथापाले मलेसियामा क्वारेन्टिनको नीति परिवर्तन भएको कारणले मागपत्र प्रमाणीकरणको कार्य अस्थायीरूपमा स्थगित भएको र अप्रिल एक तारिखदेखि मागपत्र प्रमाणीकरण शुरू गरिने बताए ।

दूतावासले नयाँ मागपत्र प्रमाणीकरणका लागि मंगलबार, बुधबार र बिहीबार पेश गरेपछि सोमबार बुझिलिन सकिने जनाएको छ । दूतावासले मागपत्र प्रमाणीकरणका लागि आवश्यक कागजातहरु पेश गर्नुभन्दा पहिले दूतावासको वेबपेजमा उपलब्ध अनलाइन फारम भर्ने र पेश गर्ने समय लिन अनुरोध गरेको छ ।

मलेसियाका प्रधानमन्त्री इस्माईल साब्री याकुबले आगामी मे महिनादेखि कामदारको न्यूनतम तलब १ हजार ५ सय बनाउने घोषणा गरेका छन् । प्रधानमन्त्री याकुबको उक्त घोषणापछि रोजगारीका लागि मलेसिया जान चाहने आप्रवासी कामदारमा खुशीयाली छाएको छ । मलेसियाले अप्रिल पहिलो तारिखदेखि नै आफ्नो अन्तर्राष्ट्रिय सिमाना पूर्णरूपमा खुलाउने बताएको छ ।

प्रधानमन्त्री याकुबले सार्वजनिकरूपमा उक्त घोषणा गरे पनि मन्त्रिपरिषद्ले निर्णय गरिसकेको छैन । नेपाली दूतावासका द्वितीय सचिव बुढथापाले पनि तलब वृद्धि सम्बन्धमा मलेसिया सरकारका तर्फबाट कुनै आधिकारिक जानकारी नआएको भन्दै यसअघिको न्यूनतम १ हजार २ सय तलबमा नै मागपत्र प्रमाणीकरण हुने बताए । मलेसियामा कार्यरत केही नेपाली कामदारहरूले अहिलेसम्म पनि आफुहरूले मासिक तलब १ हजार ५० रिंगेटमात्र पाएको गुनासो गर्ने गरेका छन् ।

**प्रधानमन्त्री....**
कुनै पारदर्शी योजनाबिना नै सो आयोजना ल्याइएको र सडकको फोहर टिप्ने तथा झार उखेल्ने काम लगाएर आफ्ना कार्यकर्तालाई रकम बाँडिएको उनले बताए ।

डा. महतले ओली सरकारका पालमा कयौं अनियमिता भएका र जसका कारण देश आर्थिकरूपमा तहसनहस हुन पुगेको बताए । भ्रष्टाचार, अनियमितता तथा कम्युनिष्ट सरकारका अनेक ज्यादतिका कारण नागरिक अत्तालिएर कांग्रेसको नेतृत्वमा सरकार खोजेका र वर्तमान सरकार निर्माण भएको उनले बताए । आगामी सबै निर्वाचनहरूमा नेपाली कांग्रेस नै पहिलो पार्टी हुने भन्दै उनले यसका लागि कांग्रेसका कार्यकर्तालाई एकजुट भएर लाग्नु पनि आग्रह गरे ।


## सभापोखरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**बाह्रबिसे, संखुवासभा**
**प्रदेश नं. १, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सूचना

**(प्रकाशित मिति : २०७८/१२/१३ गते)**

प्रस्तुत विषयमा यस कार्यालयद्वारा मिति २०७८/१०/१७ गते प्रकाशित सूचना अनुसार म्याद भित्र विद्युतीय प्रणाली मार्फत पेश भएको बोलपत्रहरुको मुल्यांकन गर्दा तपसिल बमोजिमको बोलपत्रदाता न्यूनतम मुल्यांकित सरभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतका लागि सिफारिस भएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र सोहि ऐनको दफा ४७ बमोजिमो प्रयोजनार्थ ७ दिने सूचना सम्बन्धित सरोकारवालाहरुको लागि प्रकाशित गरिएको व्यहोरा जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | सफल बोलपत्रको नाम र ठेगाना | कबोल गरेको (मु.अ.क.) सहित |
|---|---|---|---|---|
| १. | SPRM/BKD/NCB/03/078/079 | धुपु बृहत खानेपानी योजना (Dhupu Brihat Water Supply Project) | Sunkoshi Construction and Suppliers Pvt. Ltd. Suryabinayak-5, Bhaktapur | ८२,७७,९०१.४१ (रु. बयासी लाख सतहत्तर हजार नौ सय एक रुपैयाँ पैसा एकचालिस मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**



### Invitation for Electronic Bid

## Chakraghatta Rural Municipality

**Chakraghatta, Sarlahi**
**Madhesh Province**
Date of publication: *2078-12-13*

1. Chakraghatta Rural Municipality invites electronic bid from Nepalese eligible bidders for the projects listed below under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents by visiting PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be downloaded from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders can submit their bid electronically only upon the payment of bid document fee of *NRs. 3000* till *12 PM of 2079/01/13*. Bidders can submit their bid by electronic means only. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: NIC Asia Bank, Chakraghatta Branch Sarlahi
   Name of Office : Chakraghatta Gaunpalika
   Office Account No.: **0422050028813002** (Rajashva Khata)
4. Pre-bid meeting shall be held at Chakraghatta Rural Municipality at *1 PM* on *2079-01-02* or else as specified in the bid document.
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before *12 PM* on *2079-01-13*. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at *1 PM* on *2079-01-13* at the office. Bids must be valid for a period of *90 days after bid opening* and must be accompanied by a bid security as mentioned below, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S. N. | Name of Project | IFB No./ Contract ID No. | Bid Security Amount | Estimated Amount (Exclusive of VAT) | Remarks |
|---|---|---|---|---|---|
| 1 | Blacktop work of Padariya Dharmashala to Lakhandehi River Road | CRM/Works/NCB/78-79/09 | 250000 | 8578869.24 | |
| 2 | Blacktop work of Ranjan Mahato Ghaderi to Aurahi Bazzar School Road | CRM/Works/NCB/78-79/14 | 250000 | 9589966.84 | |
| 3 | Construction of RCC Framed Building at Janta Ma. Vi. Aurahi Chakraghatta-8 | CRM/Works/NCB/78-79/15 | 400000 | 14618806.01 | |
| 4 | Construction of PCC Road from Kishun Sah house to Janta Ma. Vi. | CRM/Works/NCB/78-79/16 | 125000 | 4424677.02 | |
| 5 | Construction of PCC Road from Juman Pokhari to Sagardina Village | CRM/Works/NCB/78-79/17 | 225000 | 7962468.13 | |
| 6 | Blacktop work from Salempur-Hirapur Road to Tej Narayan House | CRM/Works/NCB/78-79/18 | 500000 | 16812819.59 | |
| 7 | Blacktop work from Upendra Sah House to Khoriya Healthpost | CRM/Works/NCB/78-79/19 | 250000 | 8849206.43 | |

## स्थानीय तह निर्वाचन

# आचारसंहिता पूर्णपालनमा कडाइसाथ प्रस्तुत हुन सुझाव




**काठमाडौं / मस-** निर्वाचन आचारसंहिताको पूर्णपालना गर्ने / गराउने सिलसिलामा कसैसँग नलत्रन र कडाइका साथ प्रस्तुत हुन निर्वाचन आयोगलाई सुझाव दिइएको छ ।

निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयनका सन्दर्भमा आयोग र नेपाल कानुन समाजको सहकार्यमा मुलुकका विभिन्न स्थानमा भइरहेको छलफलमा राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज र संघसंस्थाबाट यस्तो सुझाव दिइएको हो । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचन आचारसंहिता जारी र अनुगमन गरिए पनि आयोगले कारबाही गर्दैन त्यो देखाउने दाँत मात्रै हो भन्ने बुझाइलाई आगामी स्थानीय तह निर्वाचनमा चिर्न विभिन्न संयन्त्र र रणनीति बनाएर काम गर्ने बताए । निर्वाचन आचारसंहिता विगतभन्दा फरक, विस्तृत र धेरै क्षेत्रलाई समेटिएकाले राजनीतिक दल, उम्मेदवार र सरोकारवाला पक्षको काम, कर्तव्य र अधिकारबारे नजिक स्थानमा पुगेर जानकारी गराउने उद्देश्यले आयोग र समाजद्वारा सात प्रदेशसहित देशका १५ स्थानमा अन्तरक्रिया गरिएको छ । विराटनगर, इलाम, पर्सा, रौतहट, जनकपुर, नुवाकोट, मकवानपुर, चितवन, कास्की, बाग्लुङ, दाङ, बाँके, सुर्खेत, कैलाली र काठमाडौंमा 'निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन र सरोकारवलाको भूमिका' विषयमा अन्तरक्रिया गरिएको हो ।

अन्तरक्रियामा सहभागी वक्ताले भने, 'आचारसंहिता विगतमा नभएको होइन, अहिले अलि बढी विस्तृत होला, तर यहाँ मुख्य कुरा के हो भने ठूला दल र सरकारले पालना नगर्ने, आयोग उनीहरुसँगै लत्रने गरेको देखियो, त्यो अन्त्य हुन पर्‍यो । गल्ती कमजोरी गर्नेमाथि कारबाही गर्न आयोग अली दरिलो भएर उभिनुपर्‍यो ।'

अघिल्लो निर्वाचनका क्रममा राजनीतिक दल, उम्मेदवार, नागरिक समाज, अनुगमनकर्ता र निर्वाचनमा खटिएका कर्मचारी समेतले दिएका राय परामर्शका आधारमा आयोगले ७५३ वटै स्थानीय तहमा विभिन्न संयन्त्रमार्फत दरिलो निर्वाचन अनुगमन गर्न लागेको छ । प्रमुख आयुक्त थपलियाले भने, 'यसपालिको निर्वाचन आचारसंहिता पहिलेभन्दा फरक, विस्तृत र धेरै क्षेत्रलाई समेटिएको छ । निजी क्षेत्र, गैरसरकारी संस्था, नागरिक समाज मात्र नभई मतदाताका लागि पनि समेटेर आचारसंहिता बनाइएको छ ।'

सञ्चार र प्रविधिको विकाससँगै निर्वाचन आचारसंहिता उल्लंघनका नयाँ स्वरुपका चुनौती थपिएका छन् । विगतका निर्वाचनमा उम्मेदवार र कार्यकर्ता एकअर्काका पोष्टर पम्प्लेट उखेल्ने, हटाउने, च्यात्ने र आपसमा लाप्पा खेल्थे भने अहिले सामाजिक सञ्जाल अर्थात् साइबरमार्फत हुन सक्ने यस्ता आचारसंहिता उल्लंघनका घटना रोक्नुपर्ने चुनौती छ । आयोगलाई समयमै यी चुनौती नियमन र नियन्त्रण गर्न बुद्धिमत्तापूर्वक रणनीति बनाएर काम गर्न सुझाव दिइएको छ ।

निर्वाचन आचारसंहिता कार्यान्वयनमा ल्याउनु अघि राजनीतिक दल, नागरिक समाज र अन्य सरोकारवालालाई निर्वाचन खर्च र प्रचारप्रसार लगायतका विषयमा जानकारी दिई रायसुझाव लिन यही चैत ९ देखि १७ गतेसम्म अन्तरक्रिया भइरहेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताए । निर्वाचन आचारसंहिताको सबैभन्दा बढी उल्लंघन मौन अवधिमा हुँदै आएको छ ।

मौन अवधिमा आचारसंहिता हेर्ने मुख्य जिम्मेवारीमा रहेको आयोग मौन हुने तथा मौन बस्नुपर्ने राजनीतिक दल र उम्मेदवार अझ बढी सक्रिय हुने अवस्था अन्त्य गर्न विशेष रणनीति बनाउन सुझाव दिइएको छ ।

आयोगले स्वतन्त्र, स्वच्छ, निष्पक्ष र मितव्ययी निर्वाचनको महत्वबारे सुसूचित गर्न अन्तरक्रियामार्फत प्राप्त सुझाव महत्वपूर्ण रहेको जानकारी दिएको छ । निर्वाचन आचारसंहिता पालना भए / नभएको तथा साइबरबाट आउन सक्ने चुनौतीबारे अनुगमन गर्न बेग्लाबेग्लै रणनीति बनाउन लागेको छ ।

नेपाल कानुन समाजका कार्यकारी निर्देशक कृष्णमान प्रधानले निर्वाचन आचारसंहिता अनुगमनका लागि केन्द्रीय निर्वाचन अनुगमन, जिल्ला अनुगमन, निर्वाचन क्षेत्र अनुगमन, स्थानीय तह निर्वाचन आचारसंहिता अनुगमन समिति, निर्वाचन आचासंहिता कार्यान्वयन अनुगमन टोली, सूक्ष्म अनुगमन टोली, आचारसंहिता अनुगमन अधिकृत लगायतको संयन्त्र रहेको बताए । निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, मितव्ययी र भयमुक्त गराउन, व्यवस्थापन सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गरी प्रभावकारी तुल्याउन, आचारसंहिता पालना गराउन, सरोकारवालासँग समन्वय र सहजीकरण गर्न तथा निर्वाचनमा सबैलाई समान अवसर प्रदान गर्न अनुगमनको व्यवस्था राखिएको उनले जानकारी दिए ।

# कृषि फार्मको अनुगमन

यामराज बिष्ट / मध्यान्ह
दैलेख, १२ चैत



दैलेख कृषि विकास कार्यालय दैलेखले जिल्लाको गुराँस गाँउपालिकामा रहेका विभिन्न फार्महरुको अनुगमन गरेको छ । कृषि विकास कार्यालय दैलेखका प्रमुख नरेन्द्र बहादुर थापाको नेतृत्वको टोलीले विभिन्न कृषि फार्मको अनुगमन गरेको हो ।

जिल्लाको गुराँस गाउँपालिका वडा नम्बर ७ मा किवी खेतीको अनुगमन गरिएको छ । गुराँस गाउँपालिका वडा नं ५ मा शुरुवात गरिएको किवी खेतीका लागि कृषि विकास कार्यालय दैलेखले १० लाख रुपैयाँ अनुदान सहयोग र समृद्ध कर्णाली फार्म प्रालिको १० लाख लागत रहेको छ । कार्यालयले लगानी गरिएको किवी खेती प्रबर्धन गर्ने उद्देश्यले अनुदान सहयोग गरिएको प्रमुख थापाले बताए । किवी खेतीका लागि गुराँस गाँउपालिकाको हावापानी र भूगोल मिलेकाले गाँउपालिकामा किवी खेतीको राम्रो सम्भावना रहेको कृषि विकास कार्यालय दैलेखका कार्यालय प्रमुख नरेन्द्र बहादुर थापाले मध्यान्हलाई बताए । किवी खेतीलाई प्रवर्धन गर्न किवी पकेट क्षेत्र निर्धारण गरी काम अघि बढाइएको उनले जानकारी दिए । उनका अनुसार जिल्लामा अहिले १८.५ हेक्टर क्षेत्रफलमा व्यावसायिक किवी खेती हुँदै आएको छ । कृषि विकास कार्यालय दैलेखले ७ हजार ४ सय १० किवीका बोटहरु वितरण गरेको उनले बताए । त्यस्तै यता गुराँस गाउँपालिका वडा नम्बर ४ मा रहेको गुराँस झरना बहुउद्देश्य कृषक समूहको पनि अनुगमन गरिएको छ । उक्त कृषि समूहमामा पनि कृषि विकास कार्यालयको आलु खेती प्रवर्धनका लागि करिब ५ लाख लागत रहेको छ । गुराँस गाउँपालिकालाई तरकारीमा आत्मनीर्भर बनाउने उद्देश्यका साथ फार्म सञ्चालन गरेको हो । अनुगमनपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै कृषि विकास कार्यालय दैलेखका कार्यालय प्रमुख थापाले भने, 'दुवै योजनाको अवस्था राम्रो छ र दुवै योजनालाई प्रभावकारीसँगै दिगो बनाउनु पर्छ ।'

अनुगमनमा कृषि मन्त्रालयका पूर्ण सापकोटा, कृषि विकास कार्यालय दैलेखका कृषि विज्ञ झलक भण्डारी तथा पत्रकारहरुको सहभागिता रहेको थियो ।

## खानेपानी, सिंचाइ तथा उर्जा विकास निर्देशनालय

वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०७८/१२/१३**

यस निर्देशनालयबाट मिति २०७८/१०/०९ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा आव्हान गरिएको निम्न अनुसारको ठेक्कामा E–Bidding मार्फत दर्ता भएका बोलपत्र खोलि प्राविधिक तथा आर्थिक प्रस्तावको मुल्यांकन गर्दा तपसिल बमोजिमका बोलपत्रदाताहरुको बोलपत्र न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा १ बमोजिम बोलपत्र स्वीकृतिको लागि छनोट भएको हुँदा सोहि ऐनको दफा २७ को उपदफा २ प्रयोजनार्थ सम्बन्धि सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | छनोट भएका बोलपत्रदाता | कबोल अंक रू. (भ्याट र पी.एस. सहित) |
|---|---|---|---|---|
| 1 | 01/078-079/NCB/Works/ WSP /DWIED-Surkhet | Construction of Gayakhola WS Scheme at Panchapuri N.P.-07, Chhapre. | M/s Bhumi Nirman Sewa, Madi-02, Rolpa. | 27,091,636.92 |
| 2 | 02/078079/NCB/Works/ WSP /DWIED-Surkhet | Construction of Sanni & Paisara WS Scheme at Panchapuri N.P.-07, Chhapre. | M/s Sakwa Engineering Pvt. Ltd. Pepsicola, Town Planning, Kathmandu. | 22,940,278.78 |

श्रीधर भट्टराई
निर्देशक

## Invitation for Bids

### Chakraghatta Rural Municipality
### Office of the Rural Municipal Executive

Chakraghatta, Sarlahi
Madhesh Province

**Invitation for Bids for the Blacktop work of Gangaram house via paterwa to Jagnath Ray Basbari**

**Date of publication: 27-03-2022**

1. The Chakraghatta Rural Municipality has allocated funds towards the cost of Blacktop work of Gangaram house via paterwa to Jagnath Ray Basbari and intends to apply part of the funds to cover eligible payments under the Contract for Blacktop work of Gangaram house via paterwa to Jagnath Ray Basbari (Contract No: CRM/Works/NCB/78-79/13). Bidding is open to all eligible bidders as per Section V of Bidding Document.
2. Chakraghatta rural Municipality, Sarlahi invites electronic bids from eligible bidders for the construction of Blacktop work of Gangaram house via paterwa to Jagnath Ray Basbari under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures. Detailed Bidders qualifications can be accessed from the bid document which can be downloaded from PPMO's web site.
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Chakraghatta rural Municipality, Sarlahi, Chakraghatta, Sarlahi, Belhi, Sarlahi, Province Two, Nepal or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. If hard-copy is allowed then a complete set of Bidding Documents may be purchased from the office Chakraghatta Rural Municipality by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 5000.0 till 25-04-2022 during office hours. Or, Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below:
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: NIC Asia Bank Ltd.
   Name of the Office: Chakraghatta Rural Municipality
   Office Account No: 042205002881300
6. Pre-bid meeting shall be held at Chakraghatta rural Municipality, Sarlahi at 15-04-2022 13:00 hours.
7. Sealed or electronic bids must be submitted to the office through PPMO's e-GP system www.bolpatra.gov. np/egp on or before 26-04-2022 12:00. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 26-04-2022 13:00 hours at the office of Chakraghatta rural Municipality, Sarlahi. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 800000 which shall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

# लोप हुँदै घरेलु यन्त्र, हराउँदै संस्कृति




गणेश रावत / मध्यान्ह
कोहलपुर, १२ चैत

प्रविधिक विकाससँगै पछिल्लो समय घरेलु यन्त्र हराउँदै गएका छन् । आधुनिकतासँगै कुटानी पिसानी गर्न प्रयोग हुँदै आएका ओखल, ढिकी-मुस्ली, कोल लोप हुदै गएको स्थानीयले बताएका छन् । यस्ता साँस्कृति बाँकेको गाभारभ्याली होमस्टेले संरक्षण गर्दै आएको छ । शनिबार 'मौलिक भोजन मेला' तथा गाभरभ्याली होमस्टेको उद्घाटन भएको छ । मौलिक भोजन मेला आइतबार सम्म चल्नेछ । खाना प्रदर्शनी र परम्परागत लुगा, गरगहना तथा मौलिक हस्तकलाका सामानको प्रदर्शनी स्थल छुट्टाछुट्टै ठाउँमा बनाइएको छ । मौलिक खाना मेला भनिए त्यहाँ लुम्बिनी प्रदेशमा रहेका मौलिक हस्तकला तथा लोप भएका बस्तु प्रदर्शनीका लागि राखिएको आयोजक गाभरभ्याली होमस्टेका अध्यक्ष कृष्ण चौधरीले बताए । उनका अनुसार अहिले पछिल्लो समय साँस्कृति हराउँदै गएकोमा चिन्ता व्यक्त गर्नु भयो । मध्यान्हसँग कुरा गर्दै चौधरीले भने, कला, साँस्कृति जगेरर्न र संरक्षण गर्न गाभारभ्याली होमस्टेले ठुलो सयोग पुग्ने बताए । यहाँ विभिन्न प्रकार अर्गानिक खानाको व्यावस्था समेत गरेको बताए । साँस्कृतिक र मैलीक कलाकारहरुले आफ्नो प्रस्तुत गरेको बताए ।

उनले मेला स्थलमा ढिकी, जाँतो, तेल पेल्ने कोल, लडिया, माछा मार्ने हेल्का, राउटेले निर्माण गर्ने कोसी, ठेकी, काठबाट निर्मित महाकालको मूर्ती, मुगुमा प्रचलित जाल लौरी, खजुरी थाकलले तयार पारिएको मयूर, अँट्वा लगायतका परम्परागत बस्तु अवलोकनका लागि राखिएको थियो । गर्मीमा पनि रौनक निकै रोमन्चक बनेको बताए ।


### कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७८/१२/१३**

**सापकोटा स्कूल एण्ड कलेज व्याग प्रा.लि.** को मिति २०७८/१०/२५ गते मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम तथा ठेगाना परिवर्तन गरी **टि.एण्ड जे. ग्रूप प्रा.लि. (प्रा. लि. नं.: ८००६४), टोखा नगरपालिका-८, काठमाडौं** कायम गर्ने गरी मिति २०७८/११/०२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/१२/१३**

**इकोवे इन्टरनेशनल प्रा.लि.** को सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एल ल स्कुल प्रा.लि.(प्रा. लि. नं.: १५१५७९)**, कायम गर्ने गरी मिति २०७८/११/२६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७८/१२/१३**

**डि.टि.एच. अनलाइन एजुकेशन सर्भिस प्रा.लि.** को मिति २०७८/११/१० गते मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम तथा ठेगाना परिवर्तन गरी **डि.टि.एच. एजुकेशन सर्भिस प्रा.लि.(प्रा. लि. नं.: २३७४५७)**, कायम गर्ने गरी मिति २०७८/११/२५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/१२/१३**

**एस.एस.एस. टूर्स एण्ड ट्राभल्स प्रा.लि.** को मिति २०७५/११/०८ गते मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **अरुणा टुर्स एण्ड ट्राभल्स प्रा.लि.(प्रा. लि. नं.: १६५०६५)**, कायम गर्ने गरी मिति २०७५/१२/१५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/१२/१३**

**पदम ज्योति इङ्लिस बोडिङ्ग स्कुल कैलाली प्रा.लि.** को मिति २०७८/१२/०१ गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ईम्पावर इन्टरनेशनल स्कुल कैलाली प्रा.लि.(प्रा.लि.नं.: ६९३२४)**, कायम गर्ने गरी मिति २०७८/१२/१० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## Kuwait मा बैदेशिक रोजगारको अवसर

२.कम्पनीः- AL-Fares Garden Co, Farwaniya Governorate, Kuwait

पूर्व स्वीकृती मिति २०७८।१२।११ | चलानी नं. ६०१७६५५२ | LT.No. 260362

| सि. नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलव KD | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाइम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 02 | काममा दक्ष | 100 | ४०,१७५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Labour | 01 | | 120 | ४८,२१०।- | | | | | | | |
| 3 | Sales Associate (Salesman/ Marketing/Sales Executive) | 01 | | 160 | ६४,२७५।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क तथा जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | निःशुल्क |

**अन्तरवार्ता मिति २०७८ चैत्र २० गते ( 3 April, 2022) मेनपावरको कार्यालय धापासीमा हुदैछ ।**

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी** :- (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । (२) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । (४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । (५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । (६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भाबना हुन्छ । (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क राख्नु होला ।

WISE
श्रम इजाजत न. ८३७/०६६/०६७


**वाईज ईण्टरनेशनल नेपाल प्रा. लि.**

धापासी ७, बसुन्धारा काठमाण्डौं फोन नं.:-०१-४३७३३५१, ४३७३७८४, ४३७३८०७

## HOSPITALITY & HOTEL MANAGEMENT COURSES

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै वारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इस्टिच्युटले दिँदै आइरहेको छ । यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् । यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगरौं ।

Hotel Training Diploma 1750 Hrs Rs 160,000
F&B Service, Production, HK, Barista, FO, CSA
English Free
Jobs.







**तालिमपछि रोजगारको ग्यारेन्टी**

Best in the KTM
VICTORIA INTERNATIONAL

**VICTORIA INTERNATIONAL**
**HOTEL TRAINING & INSTITUTE PVT. LTD.**
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

मध्यान्ह
www.madhyanhadaily.com
१३ चैत २०७८, आइतबार
27 March 2022, Sunday

सम्पादकीय

## कसले जित्ने कसलाई जिताउने !

स्थानीय चुनाव आउन अब ४७ दिन मात्रै बाँकी छ। ३० वैशाखमा हुने चुनावको तयारीमा निर्वाचन आयोग, सरकार र राजनीतिक दलहरू जुटेका छन्। मतदान प्रक्रिया टुंग्याउन आवश्यक प्रक्रिया आयोगले अगाडि बढाएको छ। सुरक्षा व्यवस्थादेखि आवश्यक प्रबन्धमा सरकारले मिलाइरहेको छ। निर्वाचनको महत्वपूर्ण पक्ष राजनीतिक दलहरू हुन्। बहुदलीय लोकतन्त्रमा राजनीतिक दलहरूको तयारी निर्वाचनको महत्वपूर्ण पक्ष हो। हरेक नागरिकलाई नेतृत्व चुन्ने र चुनिने अधिकार सुरक्षित छ। तर हामीले अपनाएको प्रणालीमा आम रूपले दलहरूले तय गर्ने उम्मेद्वारले बढी अर्थ राख्छ। किनकि दलीय उम्मेद्वार नै जनप्रतिनिधि हुने बढी संभावना रहन्छ। त्यसैले दलहरूको तयारी चुनावमा अर्थपूर्ण छ।

चुनाव जित्नेगरी तयारी गर्न सबैजसो दलहरू रणनीतिक रूपमा लागेका पनि छन्। राष्ट्रिय राजनीतिमा तय भएको शक्ति समीकरण बमोजिम नै उम्मेद्वार तय हुने सम्भावना उत्तिकै छ। प्रमुख विपक्षी दल नेकपा एमालेले एकल रूपमा तयारी अगाडि बढाएका छन् भने सत्ता साझेदार दलहरू भने गठबन्धनको साझा उम्मेद्वार बनाउने भगिरथ प्रयत्न गरिरहेका छन्। नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाले साझा उम्मेद्वार उठाउनेगरी गृहकार्य गरिरहेका छन्। तर ठोस् निर्णय गरिसकेका छन्। एमालेले पनि स्थानीय चुनावमा भने सत्ता गठबन्धन तोडेर आफ्नो पक्षमा नतिजा ल्याउने रणनीति बनाएको छ। ९–१० चैतको केन्द्रीय कमिटी बैठकले आवश्यक पर्ने ठाउँमा तालमेल गर्ने निर्णय गरिसकेको छ।

यसको अर्थ दलहरू स्थानीय चुनाव आफूले जित्नुपर्नेमा प्रष्ट छन्। तर कसलाई उम्मेद्वार बनाउने भन्नेमा भने प्रष्ट छैनन्। हरेक दलको एउटै निष्कर्ष छ, जित्नेलाई टिकट दिने। यसको अर्थ हो आर्थिक, सामाजिक र राजनीतिक रूपमा बलियाले यसपटक पनि टिकट पाउनेछन्। जबकी संविधानले भने अगाडि बढाउनुपर्ने र जिताउनुपर्ने वर्ग (क्लस्टर) बारे प्रष्ट पारेको छ। विशेषगरी महिला र दलित समुदायको सहभागिता सुनिश्चित गर्न बाध्यकारी संवैधानिक व्यवस्था गरेको छ। स्थानीय सरकारको पदाधिकारी मध्ये एक महिला र वडामा एक दलित महिला अनिवार्य गर्नुको अर्थ स्थानीय सरकार समावेशी बन्नुपर्नेमा जोड दिनु हो। तर दलहरूले बाध्यकारी व्यवस्था पालना गर्दै आमरूपमा उपप्रमुख/उपाध्यक्ष महिला बनाएको देखिन्छ। यसपटक पनि त्यही नियति दोहोरिने सम्भावना छ। जसलाई तोडेर महिला र पीछडिएको समुदाय पनि नेतृत्वमा योग्य छन् भन्ने स्थापित गराउनु दलहरूको दायित्व हो।

# स्थानीय सरकारको समीक्षा

स्थानीय स्तरमा भ्रष्टाचार मौलाएको पाइन्छ। आर्थिक सुशासनका मापदण्डहरूलाई परिपालना गर्न जनप्रतिनिधि र कर्मचारीहरू चुकिरहेका छन्। जनतामाथि अनावश्यकरूपमा करको दायरा बढाइएको छ। नागरिकले सार्वजनिक सेवा प्राप्त गर्न विभिन्न झमेलाहरू भोग्नु परेको छ।

अग्रलेख



● झलक शर्मा

जनताको अति नजिक रहेर निश्चित भौगोलिक क्षेत्रमा शासन संचालन गर्ने निकाय स्थानीय सरकार हो। यसले स्थानीय जनताको आवश्यकता परिपूर्ति गर्दछ। गास, बास, कपास, शान्ति सुरक्षा, विपद् व्यवस्थापन, राहत वितरण, सामाजिक न्याय, भौतिक पूर्वधार विकास आदि सेवाहरू स्थानीय सरकारले नागरिकलाई पुऱ्याउनु पर्ने दायित्व हो। नेपालमा स्थानीय तहको निर्वाचन यही आउँदो वैशाख ३० गते तोकिएको छ। राजनीतिक दल र तिनका भातृ संगठनहरूले आफ्नो चुनावी अभियानलाई द्रुतरूपमा अगाडि बढाउन खोजेका छन्। कतिपय स्थानीय तहमा त स्वतन्त्ररूपमा उम्मेद्वार घोषणा गरेको पनि पाइएको छ। जे होस् नेपालमा पुन चुनावी माहोल तातेको छ। चुनावको मिति छोट्टिदै जाँदा स्थानीय सरकारहरूको विगतको समिक्षा गर्नु आवश्यक हुन्छ। स्थानीय सरकार जनतामाथि कति उत्तरदायी र जवाफदेही भए भन्ने कुरा पत्ता लगाउनु बढी महत्वपूर्ण हुन्छ। लामो समय पछि २०७४ मा भएको स्थानीय तहको निर्वाचनले नेपाली जनतालाई थप उत्प्रेरित बनाएको थियो। विगतमा संक्रमणकालिन अवस्थाका कारण निर्वाचन नभएको वखत कर्मचारी संयन्त्रमार्फत स्थानीय शासन तथा सेवाहरू उपलब्ध गराइएको थियो। जसबाट स्थानीय शासनको अवधारणा, मूल मर्म, मान्यताहरू बिलिन हुन पुगेको अनुभूति नेपाली जनताले गरे। शान्ति सुरक्षाको कारण घरदैलोको सेवा नै सदरमुकाम केन्द्रीत रहने परिस्थिति रहेको थियो। २०७४ मा निर्वाचित स्थानीय सरकारहरूले लामो समयको अन्तराल पछि स्थानीय जनताको आकांक्षा पूरा गर्न र स्थानीय विकास गर्न धेरथोर प्रयासरत भए। स्थानीय सरकारहरू सफल असफल जे भए पनि संघीयता कार्यान्वयनको प्रकृयालाई भने अभ्यासमा उतारे। स्थानीय सरकारबाट केही सकारात्मक कामहरू भएका छन्। कोरोना महामारीको संक्रमण नियन्त्रणमा स्थानीय सरकारहरूले खेलेको भूमिका प्रशंसनीय छ। बाढी, पहिरो, आगोलागी जस्ता विपद्‌जन्य घटनालाई सहजरूपमा व्यवस्थापन गरेका समाचार पनि छन्। प्रशासनिक सेवामा नागरिकलाई सरलता बनाइएको छ। नागरिक लक्षित सार्वजनिक सेवाको पहुँच बढाइएको छ। स्थानीय विकास निर्माणका कामले निरन्तरता पाएका छन्। साना तिना विवादहरू मेलमिलापको नीतिबाट समाधान भएका छन्। उपभोक्ता समितिहरू निर्माण गरी स्थानीय स्रोत साधनको परिचालन गरिएको छ। उत्पादनमूलक क्षेत्रमा स्थानीय जनतालाई संलग्न गराई आयआर्जनको बाटो देखाइएको छ। रोजगारी सिर्जना गर्दै दक्ष जनशक्ति निर्माणमा ध्यान पुऱ्याइएको छ। सार्वजनिक सम्पत्ति संरक्षरणका लागी स्थानीय जनतालाई अपनत्वबोध गराउने काम भएको छ। आयोजना तथा परियोजना निर्माणमा स्थानीय जनताको प्रतिनिधित्व सुनिश्चित गरिएको छ।

स्थानीय सरकार निर्वाचित भएको यो पाँच वर्षको अन्तरालमा राम्रा पक्षसँगै नराम्रा पक्षले पनि जरो गाडेको देखियो। स्थानीय सरकारले जनताको भावनाअनुसार काम गर्न सकेन। निर्वाचित स्थानीय सरकारको नेतृत्वकर्ताले जनतालाई भन्दा आफ्नो पार्टीगत कार्यकर्ता, नातागोतालाई बढी प्राथमिकता दिएको देखियो। नीति नियम निर्माणको मुख्य हिस्सेदार स्थानीय जनप्रतिनिधि भएकोले प्रशासनिक र प्राविधिक क्षेत्रमा आफ्ना नजिकका कर्मचारी भर्ति गर्ने गरेको पाइएको छ। उपभोक्ता समितिहरूमा पनि राजनीतिक रंग दिन खोजेको स्पष्ट देखिन्छ। यदि उपभोक्ता समितिहरूमा पनि आफ्नो पार्टीको व्यक्ति नभए सो समितिहरूलाई असहयोग गर्ने, योजना तथा बजेटहरू लुकाउने जस्ता गतिविधिहरू भएका छन्। शिक्षित र चेतनशिल स्थानीय जनप्रतिनिधिहरूको अभावले समाजमा छुवाछुत तथा विभिदका घटनाहरू नियन्त्रण हुन सकेको छैन।



> स्थानीय सरकार निर्वाचित भएको यो पाँच वर्षको अन्तरालमा राम्रा पक्षसँगै नराम्रा पक्षले पनि जरो गाडेको देखियो। स्थानीय सरकारले जनताको भावनाअनुसार काम गर्न सकेका छैनन्। निर्वाचित स्थानीय सरकारको नेतृत्वकर्ताले जनतालाई भन्दा आफ्नो पार्टीगत कार्यकर्ता, नातागोतालाई बढी प्राथमिकता दिएको देखिन्छ।

उल्टै केही स्थानमा स्थानीय जनप्रतिनिधिहरू पनि यस्ता विभेदका घटनामा संलग्न भएको देखियो। संकट तथा विपद्‌को समयमा राहत वितरण तथा पुनर्स्थापनाको कार्यमा समानुपातिक तथा न्यायोचित व्यवस्थापन हुन सकेन। स्वास्थ्य सेवाको पहुँच बढाउन सकेको देखिएन। कोरोना भाइरसविरूद्धको अभियानमा टाठा बाठाको दबदबा रह्यो भने निमुखा जनताले सहजरूपमा खोप लगाउन पाएनन्। जनतालाई लाभ हुने प्रकृतिका सूचनाहरू अझै पनि जनता सहजै रूपमा प्राप्त गर्न सकेका छैनन्।

स्थानीय स्तरमा भ्रष्टाचार मौलाएको पाइन्छ। आर्थिक सुशासनका मापदण्डहरूलाई परिपालना गर्न जनप्रतिनिधि र कर्मचारीहरू चुकिरहेका छन्। जनतामाथि अनावश्यकरूपमा करको दायरा बढाइएको छ। नागरिकले सार्वजनिक सेवा प्राप्त गर्न विभिन्न झमेलाहरू भोग्नु परेको छ। जनप्रतिनिधिहरू शहर केन्द्रीत हुने प्रवृत्तिले पालिकाहरू कर्मचारीको जिम्मामा छोडिदिदा वास्तविकरूपमा जनतासँग अन्तरक्रिया हुन सकेको छैन। कैयौं जनप्रतिनिधिहरू ठेक्का पट्टा व्यवसायमा आवद्ध छन् जसले गाउँ-गाउँमा विकास निर्माणका नाममा डोजर आतंक मच्चिरहेको छ। दिगो विकासलाई ध्यान नदिइ प्राकृतिक स्रोत साधनको दोहन बढ्दो छ। स्थानीय स्रोत साधनको अव्यवस्थित निकासी तथा पैठारीले प्राकृतिक स्वरूपमा नकारात्मक असर पारेको छ। भौगोलिक क्षेत्रअनुसारको कृषि उपजहरू पहिल्याउन नसक्दा कृषि पकेट क्षेत्रहरू स्थापना गर्न कठिनाई भएको छ। जनप्रतिनिधिहरूले आफ्नो क्षेत्रमा कृयाशिल रहेका राजनीतिक दल, नागरिक समाज, युवा क्लब, आमा समूह, बौद्धिक वर्ग एवं सरोकारवर्गसँग समन्वय गर्न नसक्दा आफ्नो क्षेत्रमा भएका गतिविधिबारे स्थानीय जनता बेखबर भएको उदाहरणहरू छन्। पालिकाहरूमा प्राविधिक दक्षता भएका कर्मचारीको अभावले नागरिकले छिटो, छरिदो सेवा प्राप्त गर्न सकेका छैनन्। समाजमा गुण्डा गर्दी बढ्दै जाँदा शान्ति सुरक्षाको अभाव भैरहेको छ। स्थानीय तहको चुनावका क्रममा जनता सामु प्रस्तुत गरिएको चुनावी घोषणा पत्रअनुसार निर्वाचित जनप्रतिनिधिले काम नगरेको गुनासो जनताबाट आइरहेको छ।

यस्ता गुनासा र समस्याहरू समाधानका लागी स्थानीय तहको जनप्रतिनिधि सचेत र इमान्दार बन्नु पर्दछ। स्थानीय जनताको विभिन्न सहयोगी र सहजीकरणको कर्ता स्थानीय सरकार भएकोले यसले सामुदायिक सद्‌भाव, सहिष्णुता र भाइचाराको विकास गर्न सक्नुपर्दछ। लोकतन्त्रका लाभहरूको न्यायोचित वितरण गर्न सक्नुपर्दछ। स्थानीय सरकारको मूल अवधारणा एवं सिद्धान्तहरूलाई लाई आत्मसाथ गरे मात्र स्थानीय जनताको भलो हुने देखिन्छ। नागरिकको स्वशासनको अधिकारलाई आत्मसाथ गर्ने स्थानीय सरकार लोकतन्त्रको बलियो मियो हो। नेपालको वर्तमान संविधानको अनुसूची ८ मा २२ वटा स्थानीय तहको अधिकारको सूची र अनुसूची ९ मा १५ वटा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीको व्यवस्था गरिएको छ। संविधानमा उल्लेख भएका अधिकारका सूचीहरू पेरीफेरीमा रहेर स्थानीय सरकारले आफ्नो गतिविधि संचालन गर्न सक्दछन्। स्थानीय सरकारलाई बलियो र दिगो बनाउन स्थानीय सरकार संचालन ऐन २०७४ कार्यान्वयनमा ल्याइएको छ। यो ऐनलाई शिरोपण गरी स्थानीय सरकार संचालनमा जनतालाई गुणस्तरीय सेवा प्रवाह गर्न सक्नुपर्दछ। सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ र भ्रष्टाचार निवारण ऐन २०५९ लाई अक्षरस कार्यान्वयन गर्न सकियो भने स्थानीय तहहरूमा पारदर्शिता र जवाफदेहिता कायम गर्न सकिन्छ। स्थानीय तहहरूमा वातावरणमैत्री विकास हुनु जरूरी छ। जनप्रतिनिधिले प्रचलनमा रहेका कानून, ऐन नियममा बाँधिएर काम गर्ने, जनताप्रति उत्तरदायि बन्ने, विकासात्मक सोच अभिवृद्धि गर्ने, मौलिक हकको संरक्षण गर्ने, छुवाछुत तथा भेदभाव नियन्त्रण गर्ने, शान्ति सुरक्षा कायम गर्ने कार्यमा ध्यान दिन सके स्थानीय तहहरूमा विकास र समृद्धिको लहर ल्याउन सकिन्छ। आउदो स्थानीय सरकारहरू सामाजिक न्याय कायम गर्ने, समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संकल्पमा अडीग रहनुपर्दछ।

इमेल : sharmajhalakpkr@gmail.com

सामाजिक सञ्जाल



- खिम काफ्ले

नेपालले अरू बाँकी कुरा छोडेर भएपनि सम्पुर्ण बल नेपाल–चीन रेल मार्गमा दिनुपर्छ। सामरिक दृष्टिकोणबाट हेर्दा त्यो सर्वाधिक महत्वपुर्ण छ। जब हामी दुवै देशबाट हुने अन्तर्राष्ट्रिय व्यापार सहज बनाउन सक्छौ तब हाम्रो कुटनीति स्वतः बलियो बन्छ। भारतसँगको परनिर्भरता हाम्रो आजको अभिशाप हो।



- टेक नारायण दयालु

गठबन्धन गर्दै जाँदा नेपाली कांग्रेसको हालत भारतीय कांग्रेसको जस्तै हुन्छ। भारतीय कांग्रेसले गठबन्धन गर्दै गयो। अहिले उसैलाई खोज्नुपर्ने भएको छ। आफ्नै कार्यकर्तालाई अरू दलमा भोट हाल्न सिकाएपछि हुने त्यही हो। कांग्रेसले गठबन्धन गर्नु पर्ने अवस्था छैन।



- सेतेमान तामाङ

चुनावी तालमेल केन्द्रबाट प्रत्यक्ष निर्देश गरेर होइन, स्थानीय तहको आवश्यकता र जनताको अपेक्षा अनुरूप गर्न सकिन्छ तर, सत्ता प्राप्तिको लागि गठबन्धन गरिने होइन, स्थानीय तहमा भएको लुटतन्त्रको अन्त्य गराउन, निमुखा जनताको सेवा, सुशासनको प्रत्याभूति गराउनको लागि तालमेलको आवश्यकता हुन सक्लान्।



- विश्वरसिंह मेवाहाङ

सर्वसाधरण मान्छेले त्यति नबुझ्ने एउटा डरलाग्दो तथ्यांक के हो भने अहिले इतिहासमै सबैभन्दा धेरै व्यापार घाटा व्यहोरेको छ मुलुकले। अहिले हाम्रो व्यापार घाटा ११ खर्ब ६० अर्ब नाघेको छ। यही बेला ३८ रूपियाँ युनिटको बिजुली किन्न लागिरहेका छौँ। यो गति रोकिएन भने देशले श्रीलंकाको बाटो लिनेछ।



- कृष्ण अर्याल

भष्ट्रचारीले आफ्नो स्वार्थ मात्र पूरा गरेको हुँदैन, देश र जनताको रगत पसिना पनि पिइरहेको हुन्छ। त्यसकारण भष्ट्रचारीलाई भोट दिनु पनि आफु भ्रष्टाचारमा सहभागि हुनु हो। जनताको मात्र आधा मिनेटको विवेकले मुलुकलाई कायापलट नगरे पनि सो कार्यको लागि बाटो खोल्ने काम अवश्य हुन्छ।

# साम्राज्यवादीको खेलमा यूक्रेन

जेलेन्स्की सरकारले क्षेत्रीय र यूक्रेनी जनताको भावनालाई सही रूपमा ग्रहण गर्न नसक्दा र साम्राज्यवादी कठपुतली बन्न खोज्दा युद्धको सामना गर्नुपरेको छ। जबसम्म युद्ध थिएन, युद्धको त्रास मात्र थियो, त्यो बेलासम्म यूक्रेनलाई साम्राज्यवाद र नेटोले युद्धमा धकेलिरहे। जब युद्धको घोषणा भयो सबैले जेलेन्स्कीलाई एक्लै छोडे।

टिप्पणी



● असल क्षेत्री

विश्वबजार कब्जा गर्न र पहुँच विस्तार गर्न साना तर, रणनीतिक रूपमा महत्वपूर्ण देशहरूमा सामाज्यवादीहरु फौजी हमला गर्ने वा गराउने गर्दछन्। आज विश्व-मानचित्रमा सानो तर, युरोपको महत्वपूर्ण देश यूक्रेन रूसी आक्रमणको चपेटामा परेको छ। विगतमा कम्युनिस्ट समाजवाद स्थापनापछि सोभियत संघको घटक तर, पुँजीवादी साम्राज्यवादीहरूको आक्रमण थेग्न नसकेर सोभियत संघको विघटनपछि टुक्रा-टुक्रा भएको अवस्थामा थियो भने कतिपय देशहरू पुनः रूसमा सामेलसमेत भएका छन्। तर यूक्रेन पछिल्लो समयमा साम्राज्यवादी अमेरिकाले आफ्नो पोल्टामा लिन सबैखालका हर्कतहरू गरेको कुराले रूसलाई झस्काएको हुनसक्छ। परिणामतः रूसको आक्रमणमा यूक्रेन पर्न गएको छ। दोस्रो विश्वयुद्ध बजार विस्तार र आर्थिक लाभका कारण हुन गयो। आज अर्कोपटक युद्धका कारण विश्व मानव जातिले ठूलो संकट बेहोर्नुपर्ने पो हो कि भन्ने स्थानमा छ। यही विषयलाई लिएर अमेरिका समर्थन र विरोधका ध्रुवीकरणहरूले यो स्थानमा पुऱ्याएका हुन्। मानव जातिको इतिहास युद्ध र क्रान्तिको इतिहास हो।

मानव जातिले युद्धका कारण ठूलाठूला दुर्घटनाहरू पनि बेहोर्ने गरेको छ र यसले देशहरूका मानचित्रहरू पनि फेरबदल गरिदिन सक्छ। दोस्रो विश्वयुद्धमा विश्वका कयौँ देशका मानचित्रहरू बदलिए। कयौँ नयाँ देशहरू स्थापना भए भने कयौँ देशहरूका नाम निशानासमेत मेटिए। दोस्रो विश्वयुद्धको झल्को दिने गरी रूसले यूक्रेनमा आक्रमण गरेको छ। निर्दोष यूक्रेनी जनताले त्यसको मार खेप्नुपरेको छ। हजारौँ-लाखौँ मान्छेहरू मृत्यु कुर्दै भयावह र कारूणिक जीवन व्यतित गरिरहेका छन्। यो आक्रमणको मूल जिम्मेवार भनेको अमेरिकी साम्राज्यवाद हो। अप्रत्यक्ष रूपमा साम्राज्यवादले यूक्रेनका तर्फबाट यो लडाइँको नेतृत्व गरिरहेको छ र साम्राज्यवादी सैन्य संस्था नेटो, पश्चिमा शक्ति र युरोप लडिरहेका छन्। विश्वको आधाभन्दा धेरै शक्ति यूक्रेनलाई अप्रत्यक्ष र परोक्ष रूपमा सहयोग गरिरहेका छन्। यूक्रेनलाई आफ्नो पहुँचमा ल्याउने, पछिल्लो चरणमा चलिरहेको विश्व-व्यवस्थालाई चुनौती दिँदै उदाइरहेको रसियालाई एक्ल्याउने, युरोपमा रसियन प्रभावलाई कमजोर तुल्याई आफ्नो बजार विस्तार गर्ने उद्देश्यसहित अमेरिकी कुटिलताको परिणाम यूक्रेन युद्ध गराइएको कुरा प्रस्ट हुँदै गएको छ।

रसियाको इतिहास लेनिन-स्टालिनहरूको मेहनत र अपार सफलताले निर्माण भएको हो। रसिया आज आइपुग्दा विगतको समाजवादी मुलुक त हैन तर, हिङ नभए पनि हिङ बाँधेको टालो भनेझैँ त्यो बेलाको त्यसको सुगन्ध रहेको हुनु पर्दछ। ठूलो क्रान्तिको आगोबाट निर्माण भएको रसियालाई एक्ल्याउने धम्क्याउने र नजिकै पुगेर यूक्रेनमा आफ्ना सेना र हतियार राख्नेजस्ता कार्य अमेरिकी साम्राज्यवाद र त्यसको संरक्षणमा रहेको नेटोले गर्न थालेपछि लडाइँ रसियाका निम्ति बाध्यात्मक र अनिवार्य कुरा भएको हुनुपर्छ। कतिपय लडाइँहरू चाहेरभन्दा पनि लड्नैपर्ने बाध्यताहरू आइपर्ने गर्दछन्। सायद रसियालाई साम्राज्यवादले त्यही स्थानमा पुऱ्याएको छ। रसिया समर्थक यूक्रेनी सरकारलाई जबर्जस्ती बर्खास्त गरी आफ्नो कठपुतली सरकार बनाएको अमेरिकी साम्राज्यवाद त्यत्ति कुराले सन्तुष्ट हुने कुरा थिएन। पछिल्लो चरणमा राजनीतिक स्थिरता रहेको, विकासको नयाँ ढोका खोल्दै विकास गर्दै, विश्वभर इन्धन व्यापार गर्दै गएको, अझ युरोपभर इन्धन बेचिरहेको रसियालाई कमजोर बनाउने र आफ्नो अधीनमा राखिरहनेजस्ता खराब मनसायले साम्राज्यवादले रसियालाई कमजोर बनाउन र युरोपको इन्धनको व्यापार कब्जा गर्न गराएको लडाइँ हो। युद्धहरू मानवीय जीवनका अप्रिय घटना हुन्। मानवले मानवमाथि अन्यायपूर्ण ढंगले शासन गर्ने तरिकाहरूका कारण प्रायः युद्धहरू निम्तिने गर्छन्। रसिया-यूक्रेन युद्ध पनि यूक्रेनी राष्ट्रपतिको अमेरिकाप्रति उत्तरदायी बन्ने प्रवृत्तिका कारण भएको हो। यसले धेरै ठूलो जनधनको क्षति हुन पुगेको छ। यसको मूल जिम्मेवार अमेरिकी साम्राज्यवाद, त्यसको संरक्षक सोभियत रूसका विरूद्धमा खडा भएको साम्राज्यवादी सैन्य सङ्गठन नेटो हो भने त्यसको कठपुतली यूक्रेनी सरकार र त्यसको मूल नेतृत्व जेलेन्स्की पनि त्यही हदको जिम्मेवार छ।

जेलेन्स्की सरकारले क्षेत्रीय र यूक्रेनी जनताको भावनालाई सही रूपमा ग्रहण गर्न नसक्दा र साम्राज्यवादी कठपुतली बन्न खोज्दा युद्धको सामना गर्नुपरेको छ। जबसम्म युद्ध थिएन, युद्धको त्रास मात्र थियो, त्यो बेलासम्म यूक्रेनलाई साम्राज्यवाद र नेटोले युद्धमा धकेलिरहे। जब युद्धको घोषणा भयो सबैले जेलेन्स्कीलाई एक्लै छोडे। जेलेन्स्कीले युद्धमा सबैको साथ चाहेका थिए। अन्ततः त्यो कुरा असम्भव नै देखियो। वास्तविक युद्धवाट रसियाको अगाडि नेटो र साम्राज्यवादी देशहरू आउन चाहेनन्। नेटो यो युद्धमा प्रत्यक्ष आएको भए ठूलो विश्वयुद्ध हुने खतरा थियो। विश्वयुद्धतिर आजको विश्व पुगे को भए मानव जगत्‌मा नै ठूलो संकट आउनेवाला थियो। तत्काललाई यो संकट टरेको छ तर यसको दीर्घकालीन समाधान हुनसकेको छैन। छिमेकी देशहरूलाई बेवास्ता गर्नुको परिणाम नै आजको युक्रे न संकटको एउटा तथ्य हो। यूक्रेन अहिले पनि साम्राज्यवादी हावा भरेर लडिरहेको छ। आफ्नो लक्ष्यसम्म नपुगुन्जेल लडाइँ नरोक्ने भनी रसियाले खुलमखुल्ला भनिरहेको छ। विश्व-साम्राज्यवादलाई नै चुनौती दिएर लडिरहे को रसिया अहिले चलिरहेको विश्वव्यवस्थाको विरूद्धमा हो वा क्षेत्रीय सन्तुलन कायम राख्न मात्र हो, त्यो भने अन्योलमै छ। तर एकछत्र राज गरिरहे को र एकध्रुवीय विश्वव्यवस्थाको ढोङ फुकिरहेको पुँजीवादी व्यवस्थाका विरूद्ध खडा भयो र सोभियत रूसबाट नै साम्यवाद समाप्त भयो भनेर कराइरहेका पुँजीवादीहरूका विरूद्ध समाजवाद खडा गर्न सकेमा रसियाले लडेको युद्धको वैधानिकता र सार्थकता नयाँ रूपमा कायम हुनेछ। पुनः नयाँ रूपको सोभियत खडा हुने सम्भावना छ। यही व्यवस्थालाई सुदृढ गर्न मात्र हो भने पनि पुँजीवादीहरूले फिँजाएको एकध्रुवीय विश्वव्यवस्थाको हावा केवल कोरा साबित भएको छ। अमेरिकी साम्राज्य समाप्त हुँदै गएको मान्न सकिन्छ। युरोप र केही पश्चिमा देशलाई आफ्नो हातमा प्रयोग गर्नुले सबै विश्व मेरै साथमा रहन्छ भनेर मान्न सकिँदैन।

विश्वकै शक्ति सम्पन्न र नयाँ मोडेलको समाजवादको अभ्यास गर्दै अगाडि बढिरहेको चीन, रूसलगायत देशहरू अमेरिकी वर्चस्व र साम्राज्यका विपक्षमा रहेको प्रष्ट भैसकेको छ। यसले के देखाउँछ भने आजको युगमा विश्व व्यवस्था अमेरिकी वा युरोपेलीहरूको हातबाट खोसिँदै गएको छ भने श्रमिक जनता र उत्पीडित राष्ट्रहरू नयाँ व्यवस्थाको खोजीका निम्ति लडिरहेका छन्। आज पश्चिमाहरूले खडा गरेको तथाकथित उदार लोकतन्त्र वा संसदीय पुँजीवाद विश्वका जनताले अस्वीकार गर्दै गएका छन्। त्यही संसदीय पुँजीवादले नै आज विश्वभर युद्ध निम्त्याएको छ। माओ त्सेतुङले साम्राज्यवाद भनेको कागजी बाघ हो भनेझैँ आज वास्तविकतामा त्यो साबित हुँदै गएको छ। पश्चिमा र युरोपका केही देशहरूलाई साथमा लिएर विश्व व्यवस्था सञ्चालन गरिरहने पश्चिमाहरूको सपनामा अँध्यारो छाउँदै गएको छ। रसिया र यूक्रेनबीचको युद्ध अमेरिकाले इरान र अफगानिस्तानमा गरेको आक्रमणजस्तो हो भन्न सकिने आधारहरू छैनन्। अमेरिकाले स्वाधीन देशहरूमाथि आक्रमण गरेको थियो र विश्व नै रमिते बनेर बसेको थियो। एकलौटी आक्रमण गरेर तहसनहस बनाएको थियो तर, भर्खर अफगानिस्तानबाट अमेरिकी सेनालाई त्यहाँका जनताले लखेटिसकेका छन्। तर युक्रेणमाथिको रूसी आक्रमण पश्चिमाहरूले यूक्रेनलाई युद्धका निम्ति उचाल्दा भएको हो। आफ्नै छिमेकीलाई खोसिदिँदा स्वाभाविक रूपमा युद्धकै परिणाम भो गर्नुपर्थ्यो। यो युद्धमा यूक्रेन पश्चिमाहरूको मोहोरा बन्दा ठूलै क्षति भोगेको स्थिति छ। यूक्रेनलाई खोस्ने दिवासपना देखेको पश्चिमा शक्ति जिल्लिएर बसेको छ। न यूक्रेनको सहयोगी बनेर प्रत्यक्ष युद्धमा भाग लिन सक्छ, न त पछि हट्ने नैतिक धरातल बाँकी रहेको छ। यूक्रेनको लडाइँबाट नेपालले लिनुपर्ने शिक्षा नेपालको देउवा सरकारले उत्ताउलो ढंगले अमेरिकालाई खुसी पार्न यूक्रेनको समर्थन गरे को देखियो। यो एकदमै अपरिपक्व र कमजोर मानसिकताको उपज हो। छिमेकी ठूला मुलुकहरू र दक्षिणए सियाका प्रायः सबै छिमेकीहरू कसैका पक्षमा नबोलेको अवस्था र असंलग्न परराष्टनीति अङ्गीकार गरेको सन्दर्भमा कसैका पक्षमा नबोल्नु नै बेस हुन्थ्यो। बोल्नैपर्ने स्थितिमा साम्राज्यवादी अमेरिकाका विरूद्ध बोल्नुपर्थ्यो तर यो कुरा भर्खर एमसीसी पास गरेर अमेरिकी पक्षमा गएको ने पालको सरकारका सन्दर्भमा असम्भव नै थियो। कसैलाई खुसी पार्नुभन्दा पनि आफ्नो देशलाई बलियो बनाउनु नेपालको हितअनुकूल रहन्छ। नेपाली दलाल संसदीय सत्ताबाट यो कुरा सम्भव देखिँदैन। अरूको दलाली गर्दा यूक्रेन युद्धको भुमरीमा ध्वस्त हुँदैछ भन्ने कुरा नेपालले गम्भीरतापूर्वक लिनुपर्छ।

# पूर्वी युक्रेनमा आक्रमणको रणनीति बनाउँदै रुस

**काठमाडौं /एजेन्सी–** रुसले युक्रेनमा आफ्नो आक्रमणको अबको निशाना पूर्वी क्षेत्र हुने बताएको छ । रुसको रक्षा मन्त्रालयले पूर्वी क्षेत्रलाई 'स्वतन्त्र' बनाउनु अबको रणनीति हुने उल्लेख गरेको हो । रुसी रक्षा मन्त्रालयले युद्धको प्रारम्भिक लक्ष्य पूरा भएको दाबी गरेको छ । युक्रेनको सैन्य क्षमता कम गरेको र त्यसले युद्धको पहिलो लक्ष्य पूरा भएको दाबी रक्षा मन्त्रालयले गरेको अन्तर ार्ष्ट्रिय सञ्चारमाध्यमले उल्लेख गरेका छन् ।



रुसले गएको फेब्रुअरी २४ देखि युक्रेनमा आक्रमण गर्दै आएको छ। उसले केही दिनभित्रै युक्रेनमा प्रमुख सहर कब्जामा लिने लक्ष्य बनाए पनि त्यसमा सफल हुन सकेको छैन । युक्रेनी सुरक्षा बलले कडा प्रतिरक्षा गरिरहेको छ । कतिपय स्थानमा रुसी सैनिकलाई हटाउन पनि सफल भएका छन् ।

तर रुसले भने युद्धको महिना दिन पुगेपछि आफ्नो प्रारम्भिक उद्देश्य पूरा भएको भन्दै युद्धको रणनीति परिवर्तन गर्ने संकेत दिएको हो । रुसी जनरल स्टाफका प्रमुख सर्गेइ रुड्स्कोले भनेका छन्, 'युद्धको पहिलो चरणको काम पूरा भएको छ । युक्रेनी सैनिकको क्षमता निकै कम भएको छ। यसले हामीलाई डोनबास क्षेत्रलाई स्वतन्त्र बनाउने हाम्रो प्रमुख लक्ष्यमा केन्द्रित हुन सहयोग गरेको छ ।'

रुसले लगातार युक्रेनको राजधानी किएभसहितका प्रमुख सहरलाई निशाना बनाएर गोलाबारी गर्दै आएको छ । रक्षा मन्त्रालयले युक्रेनी सेना कमजोर भएको दाबी गरे पनि रुसले नै ठूलो क्षति बेहोरेको बताइन्छ ।

रुसले युक्रेन युद्धमा आफ्नो प्रमुख लक्ष्य अहिलेसम्म सार्वजनिक गरेको छैन । तर रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनलाई ' निशस्त्रीकरण' तथा 'डिनाजिफाइ' (नाजी मुक्त) पार्नका लागि युद्ध गरिएको बताउने गरेका छन् । उनले युक्रेनको नेतृत्वलाई नवनाजी भन्ने गरेका छन् । तर उनको आरोपअनुसार युक्रेनका राष्ट्रपति नाजी होइनन् बरु उनी नाजीबाट पीडित यहुदीका सन्तान हुन् ।

यसैबीच घेराबन्दीमा रहेको युक्रेनी सहर मारिपोलमा रुसले गरेको गोलाबारीमा परी आश्रय लिई बसेका करिब ३०० जनाको मृत्यु भएको छ । रुसी आक्रमणबाट जोगिन सर्वसाधारण नागरिक मारिपोलस्थित थिएटरको अण्डरग्राउण्डमा आश्रय लिएर बसेका थिए ।

रुसले थिएटरलाई निशाना बनाएर गोलाबारी गरेका बेला करिब ६०० सर्वसाधारण अन्डरग्राउण्ड आश्रयस्थल लिएर बसेको मारिपोलका मेयरका सल्लाहकार पेत्र एन्द्रयुचेन्कोले बताएको बीबीसीले उल्लेख गरेको छ। रुसले मारिपोलको सो थिएटरमा मार्च १६ मा गोलाबारी गरेको थियो। मारिपोलको थिएटरमा भएको आक्रमण अहिलेसम्म जानकारीमा आएका घटनामध्ये एकै स्थानमा रुसी आक्रमणका कारण सबैभन्दा धेरै मानिसको ज्यान गएको घटना हो ।

रुसी सैनिकको घेराबन्दीमा रहेको मारिपोल सहरको सञ्चार सेवा अधिकांश रुपमा काटिएको छ। पानी, खाद्यान्न तथा औषधिसहितका अत्यावश्यक सेवाको चरम अभाव छ । रुसी आक्रमणका कारण मारिपोलका ८० प्रतिशत आवासीय क्षेत्र ध्वस्त भएका छन् ।

थिएटरमा भएको आक्रमणको सर्वत्र निन्दा हुँदै आएको छ । तर रुसले भने आफूले आक्रमण नगरेको दाबी गर्दै आएको छ । आक्रमण हुँदाको समयमा थिएटरको बाहिर 'बालबालिका' ठूलो अक्षरमा लेखिएको थियो । त्यो देखेर पनि आक्रमण भएको र यो युद्ध अपराध रहेको युक्रेनले बताउँदै आएको छ।

# दिल्ली सरकारले 'इ हेल्थ कार्ड' वितरण गर्ने

**काठमाडौं /एजेन्सी–** भारतको दिल्ली सरकारले आफ्ना नागरिकलाई 'इ हेल्थ कार्ड' वितरण गर्ने भएको छ । मुख्यमन्त्री अरविन्द केजरीवालले कार्ड वितरण गर्ने कार्यलाई तयारी अवस्थामा पुऱ्याउन सम्बन्धित निकायका अधिकारीलाई शुक्रबार निर्देशन दिएका छन् ।

भारतमा अर्को वर्ष सन् २०२३को मार्चदेखि स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली लागूगर्ने तयारी भएकाले त्यस अगाडि नै सबैलाई इ हेल्थ कार्ड वितरण गरिसक्नु पर्ने भएको हो । स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली लागू हुनुभन्दा कम्तीमा पनि तीन महिना अगाडि सम्ममा इ हेल्थ कार्ड सबैलाई वितरण भइसक्नु पर्ने अधिकारीले जनाएका छन् ।

स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली लागू गराउनका लागि भइरहेको तयारीका बारेमा जानकारी लिन र समीक्षा गर्न शुक्रबार बसेको सरोकारवालाको बैठकमा मुख्यमन्त्री केजरीवालले इ हेल्थ कार्ड वितरण सुरु गर्नुपर्नेमा जोड दिएका थिए ।

नागरिकलाई वितरण गरिने इ हेल्थ कार्ड क्युआर कोडमा आधारित हुने र त्यसबाट नागरिकका स्वास्थ्यसम्बन्धी सम्पूर्ण विवरण प्राप्त गर्न सकिने अधिकारीले जनाएका छन् । स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली लागू गरेपछि स्वास्थ्य सेवा प्रदान गर्ने र लिने दुवै पक्षलाई सजिलो र छिटो हुने, धेरै झन्झट कटौती हुने सरकारी अधिकारीको दावी छ ।

## भूल सुधार

मिति २०७८/१२/१२ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित कुवेतमा वैदेशिक रोजगार शिर्षक, कम्पनीको नामः **Al-aysh International Group For General Trading & Contracting Co. W.L.L.,** चलानी नं.: ६०१७६५७८ र **L.T. No.:260372,** को विज्ञापनमा **Cleaner** को पुरूष ७० र **Security Guard** को पुरूष ५० हुनपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**Manakamana Foreign Employment Co. P. Ltd.**
Nagarjun-4, Sitapaila, Kathmandu. Tel: 01-4034677
Email: manakamanamfec1@gmail.com
Licence No. 753/064/065

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७८/१२/१३**

**रिभरडेल एजुकेशन फाउण्डेसन काठमाडौं प्रा.लि.** को मिति २०७८/१०/१४ गते मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम तथा ठेगाना परिवर्तन गरी **प्रिमियर ईन्टरनेशनल स्कुल काठमाडौं प्रा.लि. (प्रा. लि. नं.: १३०६९३)**, कायम गर्ने गरी मिति २०७८/१०/१७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## कुवेतमा रोजगार

१. कम्पनी : TALABAT HOME FOR DELIVERY OF CONSUMER ORDER
शहरः AHMADI GOVERNORATE
पूर्व स्वीकृत मितिः २०७८/११/२९ चलानी नं.: ६०१७५८५५ L.T. No.: 259458 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bike Driver | 10 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ५२,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Driver | 25 | 0 | | 140 | ५६,११३ | | | | | | | |

२. कम्पनी : QUICK ORDER FOR DELIVERY OF CONSUMER ORDERS शहरः AHMADI GOVERNORATE
पूर्व स्वीकृत मितिः २०७८/११/२९ चलानी नं.: ६०१७५८५४ L.T. No.: 259454 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bike Driver | 10 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ५२,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Driver | 30 | 0 | | 140 | ५६,११३ | | | | | | | |

३. कम्पनी : TAREEQ ALSALAMAH FOR DELIVERY OF CONSUMER ORDERS शहरः AHMADI GOVERNORATE
पूर्व स्वीकृत मितिः २०७८/११/२९ चलानी नं.: ६०१७५८५६ L.T. No.: 259455 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bike Driver | 10 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ५२,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Driver | 35 | 0 | | 140 | ५६,११३ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत २० देखि २७ गते सम्म (3 to 10 April 2022) मा हुनेछ ।**
**नोट : GCC लाइसेन्स भएको अंग्रेजी बोल्न सक्नेले तुरून्त सम्पर्क गर्नुहोला ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**SRK नेपाल प्रा. लि.**
Govt. Lic. No. 1156/073/074
सामाखुसी, टाउन प्लानिङ्ग, काठमाडौं, (स्विमिङ पुल रोड छाप्रो मासु पसलको छेउ)
फोनः ०१-४३६३४०३, ९८१८६५८०९८, ९८०१८९४४३३



## कतारमा रोजगारको अवसर

कम्पनी : ALAMAR FOODS
शहर : Doha
पूर्व स्वीकृत मितिः २०७८/१०/२१ चलानी नं.: ६०१७६५६४ L.T. No.: 257212

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ५६,५७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Sandwich Maker | 3 | 0 | | 1700 | ५६,५७६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत २० गते (3 April 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**मदरल्याण्ड ओभरसिज प्रा. लि.**
बसुन्धारा-०३ काठमाडौं, फोनः ४३६१११११, ४३६६३१८ Fax: 436474
Email : motherlandovs@gmail.com, info@motherlandovs.com
श्रम इजाजत पत्र नं. ३३९/०५९/०६०


## Invitation for Bids

### Chakraghatta Rural Municipality
Office of the Rural Municipal Executive
Chakraghatta, Sarlahi
Madhesh Province

Invitation for Bids for the **6 Bigha Pokhari Development Work**
Date of publication: 27-03-2022

1. The Chakraghatta Rural Municipality has allocated funds towards the cost of **6 Bigha Pokhari Development Work** and intends to apply part of the funds to cover eligible payments under the Contract for Shiv Nagar Temple Park Development (Contract No: CRM/Works/NCB/78-79/21). Bidding is open to all eligible bidders as per Section V of Bidding Document
2. Chakraghatta rural Municipality, Sarlahi invites electronic bids from eligible bidders for the construction of Shiv Nagar Temple Park Development under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures. Detailed Bidders qualifications can be accessed from the bid document which can be downloaded from PPMO's web site.
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Chakraghatta rural Municipality, Sarlahi, Chakraghatta, Sarlahi, Belhi, Sarlahi, Province Two, Nepal or may visit PPMO e-GP system www. bolpatra.gov.np/egp.
5. If hard-copy is allowed then a complete set of Bidding Documents may be purchased from the office by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs 5000.0. till 25-05-2022 during office hours. Or, Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below:

   Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: NIC Asia Bank Ltd.
   Name of the Office: Chakraghatta Rural Municipality
   Office Account No: 042205002881300
6. Pre-bid meeting shall be held at Chakraghatta rural Municipality at 15-04-2022 13:00 hours.
7. Sealed or electronic bids must be submitted to the office through PPMO's e-GP system www.bolpatra.gov. np/egp on or before 26-04-2022 12:00. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 26-04-2022 13:00 hours at the office of Chakraghatta rural Municipality, Sarlahi. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 750000 which shall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

### Sabhapokhari Rural Municipality
**Office Of the Rural Municipal Executive**
**Barhabise, Sankhuwasabha**
**Province No. 1, Nepal**

## Invitation for Sealed Quotation

**Second Date of Publication :- 2078-12-13**

1. Sabhapokhari Rural Municipality invites sealed quotations from registered Suppliers for the supply, delivery and installation of the following works :-

| S.N. | Sealed Quotation No | Description of work | Estimated Amount in NRs. With VAT | Bid Security Amount in NRs. | Last date of Bid Submission | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | SPRM/SQ-03/078/79 | Procurement of Fabricated Steel Parts & Steel Deck for Trial Bridge (Ojak Bridge) | 12,38,708.60 | 35,000.00 | 2078-12-20 upto 12:00 PM | 2078-12-20 at 1:00 PM | Online |
| 2 | SPRM/SQ-04/078/79 | Procurement of Fabricated Steel Parts & Steel Deck for Trial Bridge (Amlama Bridge) | 17,89,555.99 | 45,000.00 | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha, Telephone no 029413090, website www.savapokharimun.gov.np or may visit PPMO website www.bolpatra.gov. np/egp .
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP www. bopatra.gov.np/egp .Bidders, submitting their bid electronically, should deposit the cost of bidding document (NRs. 1000.00) in the Project Rajaswa(Revenue) account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

   **Information to deposite the cost of bidding document in Bank :-**
   **Name of the Bank :- Prime Commercial Bank, Sabhapokhari**
   **Name of Office :- Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha**
   **Office Account no. :- 06900231CA Dharauti Khata (For Bid security deposite)**
   **Rajaswa (revenue) Shirshak no. :- 06900222CA (For Bid document purchase)**
4. Sealed bids must be submitted to the office Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha through PPMO website www.bopatra.gov.np/egp on or before 12:00 PM on 2078-12-20. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2078-12-20 on 1:00 PM at the office of Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 35,000.00 & NRs 45,000.00 respectively, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# बक्स अफिस समाचार

## 'हेल्लो अमेरिका'को लोकप्रियता

**न्युयोर्क/मस-** जेपिजे इन्टरटेनमेन्ट अनलाइन टिभी च्यानल अमेरिकामा लोकप्रिय बन्दै गएको छ । उक्त अनलाइन टिभी च्यानलले न्युयोर्कबाट हालसम्म १५ एपिसोड 'हेल्लो अमेरिका' र ११ वटा विशेष गरेर २६ एपिसोड 'घुँयत्रो' हास्य सिरियल, आठ एपिसोड 'चनमती' नाटक, २४ वटा 'आजको विशेष', विभिन्न म्युजिक भिडियोहरु तथा केही चलचित्र समेत रिलिज गरेर आफ्नो नियमित कार्यक्रम चलाइरहेको छ ।




ज्याक्सन हाइट न्युयोर्कमा कार्यालय स्थापना गरी विभिन्न कार्यक्रमहरु जेपिजे इन्टरटेनमेन्ट अनलाइन टिभी च्यानलमार्फत प्रशारण गर्दै आइरहेको निर्देशक किशोर सुब्बाले जानकारी गराएका छन् ।

निर्देशक किशोर सुब्बाको परिकल्पना, निर्माण र निर्देशनमा सुमन थाम्सुहाङको प्रस्तुति, टोमा लामा सह निर्देशक, क्यामेरामा सम्राट कार्की, सम्पादक मन्दिल श्रेष्ठ, ग्राफिक्स एनिमेशन प्रविण ढकाल, कलर विनय कंसाकार, व्याकग्राउन्ड सम्राट थापा, गायन राजेस पायल राई र मेनुका पौडेल, सल्लाहकार रविन्द्र खड्का रहेको यो कार्यक्रमले अमेरिकामा रहेका नेपालीहरुको विविध गतिविधि प्रस्तुत गराउँदै संसार भरका नेपालीहरुमाझ एकापसको सन्देश प्रवाह गर्ने गराउने गर्दै आएको छ । कार्यक्रमलाई अझ प्रभावकारी, स्तरिय र रोचक बनाउदै लान हर सम्भव प्रयास भैरहेको निर्देशक सुब्बाले बताए । यो कार्यक्रम सय भाग पुगेपछि विशेष कार्यक्रम आयोजना गरिने समेत जानकारी गराइएको छ । सय एपिसोड नजिँकिदै गर्दा विविध क्षेत्रका विशेष व्यक्तित्वहरु र सेलिब्रेटीहरु समेतको उपस्थितिमा भव्य कार्यक्रमसँगै विभिन्न व्यक्तित्वहरुलाई सम्मान गरिने निर्देशक सुब्बाले जानकारी दिएका छन् ।


## Invitation for Bids

### Chakraghatta Rural Municipality

Office of the Rural Municipal Executive

Chakraghatta, Sarlahi

Madhesh Province

Invitation for Bids for the Shiv Nagar Temple Park Development

Date of publication: 27-03-2022

1. The Chakraghatta Rural Municipality has allocated funds towards the cost of Shiv Nagar Temple Park Development and intends to apply part of the funds to cover eligible payments under the Contract for Shiv Nagar Temple Park Development (Contract No: CRM/Works/NCB/78-79/20). Bidding is open to all eligible bidders as per Section V of Bidding Document
2. Chakraghatta rural Municipality, Sarlahi invites electronic bids from eligible bidders for the construction of Shiv Nagar Temple Park Development under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures. Detailed Bidders qualifications can be accessed from the bid document which can be downloaded from PPMO's web site.
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
